म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ८ सोमबार २२ साउन २०८० ने. सं. ११४३ अनलागा 7 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## माण्डु हाइड्रोको ड्याममा किशोरीको शव फेला

हेटौँडा, २१ साउन/मकवानपुरको माण्डु हाईड्रोपावरमा किशोरीको शव फेला परेको छ । भीमफेदी गाउँपालिका-८ माण्डुस्थित बागमती खोलामा माण्डु हाईड्रोपावरको पानी जम्मा गरी फोहोर छुट्याउने स्थानमा एक किशोरीको शव फेला परेको प्रहरीले जनाएको छ । आइतबार बिहान नामथर, वतन नखुलेको मंगोलियन अनुहारकी अन्दाजी १७ वर्षीया किशोरीको शव फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । प्रवक्ता कार्कीका अनुसार प्रहरीचौकी सिस्नेरीबाट खटिएको प्रहरीटोलीले घटनास्थल सुरक्षित गरेको र मुचुल्का तथा थप अनुसन्धान कार्यको लागि ईलाका प्रहरी कार्यालय भीमफेदीबाट प्रहरीनिरीक्षको कमाण्डमा प्रहरीटोली घटनास्थलतर्फ गएको हो । घटनाको थप अनसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ३० वटा विद्यालयमा 'सिक्दै कमाउँदै' परीक्षण गर्दै बागमती सरकार




साझाकुरा संवाददाता

हेटौँडा, २१ साउन/ बागमती प्रदेश सरकारले प्रदेशका १३ वटा जिल्लाका ३० वटा सामुदायिक विद्यालयमा 'सिक्दै कमाउँदै कार्यक्रम' सुरु गर्ने भएको छ । प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको 'ड्रिम भिजन' का रुपमा तयार पारिएको यो कार्यक्रम यही असोजदेखि लागु गर्न लागिएको हो ।

पहिलो चरणमा प्रदेशका मावि तहका ३० वटा विद्यालयमा सञ्चालन गर्न सामाजिक विकास मन्त्रालयले १ करोड ८१ लाख ५० हजार रुपैयाँ बजेट छुट्याएको सामाजिक विकास मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक पूर्णबहादुर दर्जीले जानकारी दिए । यो कार्यक्रमको उदेश्य शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडेर भविष्यमा एउटा उद्यमी/व्यवसायी, सीपयुक्त र स्वाबलम्बी नागरिक तयार पार्ने रहेको निमित्त निर्देशक दर्जीले बताए । बितेको आर्थिक वर्षमा यो कार्यक्रम सामाजिक विकास मन्त्रालयले गरेको र चालु आर्थिक वर्षमा भने यो कार्यक्रम निर्देशनालयले गर्न लागेको हो ।

'यो कार्यक्रम निकै महत्वपूर्ण कार्यक्रम रहेको छ । विद्यार्थीहरु विद्यालयबाट अध्ययन गरेर निस्किसकेपछि बेरोजगार भए र केही सिक्न सकेनन् भन्ने कुरा उठ्ने गरेको छ,' उनले भने, 'त्यही समस्यालाई हटाउन शिक्षालाई सीपसँग जोड्ने उदेश्यले यो कार्यक्रम तयार पारिएको हो ।' उनका अनुसार गरिबीको रेखामुनि रहेका समुदायका विद्यार्थी र आफैंले कमाएर अध्ययन गर्ने ईच्छुक भएर विद्यार्थीलाई अध्यनको अतिरिक्त आयमूलक कार्य गरी पढ्ने वातावरण सिर्जना गर्न यो कार्यक्रमले सहयोग गर्ने बताए । निर्देशक दर्जीका अनुसार कार्यक्रम लागू गर्नका लागि तयार पारिएको कार्यबिधि पास भईसके पनि पत्रपत्रिकामा सूचना प्रकाशित गरिने छ ।

सूचना प्रकाशित भए पछि विद्यालयले आफ्नो स्थानीय हावापानी र भुगोल अनुसार उपयुक्त हुनेगरी बस्तु तथा सेवाको उत्पादनका लागि विद्यालयले गर्न सक्ने कार्यक्रम प्रस्ताव गर्नुपर्ने छ । विद्यालयले कार्यक्रम प्रस्ताव गर्दा स्थानीय तहको लगानी पनि हुने गरी प्रतिवद्धता भएको प्रस्ताव पेश गर्नुपर्नेछ र त्यही प्रस्ताव अनुसार निर्देशनालयले विद्यालय छनोट गर्नेछ । प्रदेश सरकारले यो वर्ष ३० वटा सामुदायिक माविमा परीक्षणको रुपमा कमाउँदै पढ्दै कार्यक्रम लागू गर्न खोजेको बताइएको छ ।


विद्यालयले सिक्दै कमाउँदै कार्यक्रमका लागि कृषि, ईन्जिनियरिङ सम्बन्धी, पर्यटन उद्योग, वन तथा वातावरण, अटो मोबाइल, व्यावसायिक क्षेत्र र विद्यालयको हावापानी भुगोल अनुसार पेश गर्न पाउने निमित्त निर्देशक दर्जीले बताए । सोही प्रस्तावको आधारमा निर्देशनालयले बजेट पठाउने उनले बताए । नेपालका अधिकांश विद्यालयमा सैद्धान्तिक पढाइ मात्र हुन्छ । पाठ्यपुस्तकमा भएका कुरा घोकेर परीक्षामा लेख्ने अनि त्यसैका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने पद्धति छ ।

सुर्खेतको बड्डीचौर स्थित जनज्योति माविले नेपालमा पहिलोपटक विद्यालयस्तरमा 'पढ्दै कमाउँदै' कार्यक्रम सुरु गरेको थियो । विद्यालय तह पार गरेपछि विद्यार्थी उत्पादनमूलक काममा लाग्नुभन्दा पनि सीप सिक्ने काममा लाग्नु परेको अवस्थालाई परिबर्तन गर्न जनज्योति माविले विद्यालयमा व्यावहारिक शिक्षालाई जोड दिएका थियो । जनज्योति माविले सुरु गरेको 'पढ्दै कमाउँदै' कार्यक्रमलाई बागमती प्रदेश सरकारले पनि सुरु गर्न लागेको हो । अहिले यो कार्यक्रम राष्ट्रिय अभियानकै रुप लिएको छ । जनज्योतिका विद्यार्थीलाई सिलाइबुनाइ, तरकारी खेती, माछापालन, मौरीपालन आदिको सीप पनि दिइन्छ ।

'सुरुमा यस्ता कार्यक्रम ल्याउँदा अभिभावकले केही आशंका गरेको अनुभव जनज्योति माविसँग छ । अहिले छोराछोरीले विद्यालयमा सिकेको सीप घरमा प्रयोग गर्दा अभिभावकहरु खुशी भउका छन् । पहिले ६ रोपनीमा रहेको जनज्योति मावि अहिले २० र ोपनीमा फैलिएको छ । विद्यार्थीलाई सीप सिकाउनकै लागि थप जमीन भाडामा लिएर विभिन्न कार्यक्रम चलाइएको छ । विद्यालयसँग अहिले २० विघा जमिन छ । जहाँ ४ सय अनार लगाइएको छ । ६० वटा बाख्रा छन् । १ विघामा माछा छ । ६५ घार मौरी छन् । यसैगरी जटिबुटी प्रशोधन केन्द्र छ ।

गाई, कुखुरा, हास, बंगुर, बट्टाइ, टर्की चरा, खरायो लगायतका जनावर पालिएको छ । विद्यार्थीले टनेलमा मौसमी बेमौसमी तरकारी खेती गर्दै आएका छन् । विद्यालयले कमाउँदै पढ्दै अभियानलाई जोड दिएको छ र विद्यार्थी कमाउँदै पढ्दै छन् । विद्यालयले विद्यार्थीलाई माग अनुसार ऋण पनि दिने गरेको छ । मकवानपुरको मनहरी गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुले जनज्योति मावि सुर्खेतको कमाउँदै पढ्दै कार्यक्रमको स्थलगत अवलोकन पनि गरेका थिए ।

# विनाविभागीय मन्त्री चित्रकारलाई ७७ दिनपछि जिम्मेवारी



हेटौँडा, २१ साउन/ बागमती प्रदेशमा गठवन्धनमा भागबण्डा मिलाउन मन्त्रालयको सख्या थपिएको छ । सत्ता गठवन्धन भित्र भागवण्डा मिलाउनकै लागि मन्त्रालयको सख्या थपिएको हो । लामो समयदेखि विनाविभागीय मन्त्रीका रुपमा नियुक्त भएका रामकृष्ण चित्रकारलाई मन्त्रालय फुटाएर उद्योग मन्त्रालयको जिम्मेवारी दिइएको हो ।

प्रदेशका विनाविभागीय मन्त्री चित्रकारले फुटाएको मन्त्रालय सम्हाल्ने भएका छन् । मन्त्री नियुक्त भएको ७७ दिनपछि उनले मन्त्रालयको जिम्मेवारी पाएका हुन् । सत्ता गठवन्धन दलभित्र माओवादीका मन्त्रीले सम्हालेको भौतिक मन्त्रालय फुटाउनु पर्ने नेपाली कांग्रेसले अडान लिदै आएका थियो । कांग्रेसका मन्त्री थप भएकाले कांग्रेसले नै सम्हालेको मन्त्रालय फुटाउनुपर्ने माओवादीको अडानका कारण ७७ दिनदेखि जिम्मेवारीविहिन रहेका मन्त्री चित्रकारले बल्ल आइतबार मन्त्रालय प्राप्त गरेका हुन् ।

माओवादी मन्त्रीहरुले आफ्ना मन्त्रालय फुटाउन नदिने भएपछि कांग्रेसले नै सम्हालेको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय फुटाइएको हो । जेठ ७ गते विनाविभागीय मन्त्रीको रुपमा शपथग्रहण गरेका चित्रकारले आइतबारबाट उद्योग तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी प्राप्त गरे । चित्रकार नेपाली कांग्रेस संसदीय दलका उपनेता समेत हुन् ।

लामो समयदेखि जिम्मेवारी विहीन अवस्थामा रहँदै आएका चित्रकारलाई प्रदेश सरकारले मन्त्रालय विभाजन गरी जिम्मेवारी सुम्पेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्रोतले जनाएको छ । बागमती प्रदेशमा कायम रहेको ११ वटा मन्त्रालयमध्ये उद्योग पर्यटन तथा सहकारी मन्त्रालयलाई विभाजन गरी थप मन्त्रालय खडा गरिएको हो ।

मन्त्रालय विभाजनको विषयमा लामो समयदेखि सत्तारुढ नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेसबीच विवाद रहँदै आएको थियो । सरकार गठनको समयमा उच्चस्तरीय समिति निर्माण गरी मन्त्रालयको संख्या १० प्रतिशतमा सीमित राख्ने प्रतिबद्धता जनाएका मुख्यमन्त्री जम्कट्टेले मन्त्रालय विभाजनसँगै आफ्नो प्रतिबद्धताबाट पछाडि हटेका छन् ।

# अबैध कारोबार बढ्दो, दैनिक समातिन्छन् कारोबारी

साझाकुरा संवाददाता

हेटौँडा, २१ साउन/ मकवानपुर हेटौंडा उपमहानगर पालिका-१५, रातोमाटे चेकप्वाईन्टबाट अबैध कपडा सहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा मोरङ रंगेली नगरपालिका-४ बस्ने वर्ष ३५ का अर्जुन कर्मकार रहेका छन् ।


पूर्वपश्चिम राजमार्ग अन्तर्गत् वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको ना८ख ८००१ नम्बरको यात्रुबाहक बसलाई चेकजाँच गर्ने क्रममा बसको डिकिबाट भन्सार छलि गरेर ल्याएको कुर्तासेट १२० थान र टप्स ४९ थान बरामद गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रहरीचौकी रातोमाटेबाट खटिएको चेकिङ टोलीले बसबाट कपडा बरामद गरेपछि सोही बसकै सहचालक कर्मकारलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । बरामद गरिएको कपडा एक लाख मूल्य बराबरको रहेको प्रहरीको अनुमान छ ।

यस्तै रसुवाको र सुवागढीनाकाबाट मकवानपुरको थाहा नगरका एक व्यक्ति अवैध सुनचाँदी सहित पक्राउ परेका छन् । मकवानपुर थाहा नगरपालिका वडा नं.५ बस्ने ४१ बर्षीय अम्बरबहादुर बिश्वकर्मालाई प्रहरीले रसुवागढीनाकाबाट पक्राउ गरेको हो । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार शनिबार नाकामा खटिएका प्रहरी र शसस्त्र प्रहरीको संयुक्त टोलीले केरुङबाट आउँदै गरेका विश्वकर्मालाई चेकजाँच गर्दा उनले बोकेको झोलाबाट ३ दशमलव ६६१ तोला सुन र ८ दशमलव ५७८ तोला चाँदी बरामद गरिएको हो ।

बरामद गरिएको सुन ४ लाख ११ हजार रुपैयाँ र चादी १२ हजार रुपैयाँ मूल्य बराबरको रहेको प्रहरीले जनाएको छ । विश्वकर्मालाई सुनचाँदी सहित नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि भन्सार कार्यालय टिमुरेमा बुझाउने कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# नेपाली कांग्रेस विशेष आन्तरिक अभियानमा



साझाकुरा संवाददाता

हेटौँडा, २१ साउन/ नेपाली कांग्रेस बागमती प्रदेशका सभापति ईन्द्रबहादुर बानियाँले 'विशेष आन्तरिक अभियान' का लागि प्रदेश प्रतिनिधिहरु तोकेका छन् । सभापति बानियाँले अभियानलाई सफल बनाउन पदाधिकारी एवम् सदस्यहरुलाई प्रदेश प्रतिनिधि तोकेका हुन् ।

प्रदेश समितिले काठमाडौंका लागि सह-महामन्त्री हरिशरण श्रेष्ठ, ललितपुरमा सदस्य प्रभात तामाङ, भक्तपुरमा सहमहामन्त्री ऋषिराम घिमिरे, रसुवामा सदस्य नीमा लामा, धादिङमा सदस्य सन्तबहादुर प्रजा र नुवाकोटमा सदस्य तिलकप्रसाद रुवालीलाई खटाइएको छ ।

यस्तै चितवनमा सदस्य रामचन्द्र अर्याल 'माइकल' मकवानपुरमा सदस्य कैलाश कोइराला, सिन्धुलीमा सदस्य उपेन्द्र लम्साल, काभ्रेपलान्चोकमा सह-महामन्त्री जीवन डंगोल, सिन्धुपाल्चोकमा सदस्य दीपेन्द्र आचार्य, दोलखामा सदस्य भगवान खड्का र रामेछापमा सदस्य सानुकान्छा श्रेष्ठलाई खटाइएको विज्ञप्तिमा उल्लेख छ । सभापति बानियाँले बागमती प्रदेश अन्तगर्तत प्रदेशसभा निर्वाचन क्षेत्रमा पनि प्रतिनिधि खटाएका छन् ।

# वर्षेबिदामा पनि पढाइ हुने सामुदायिक विद्यालय

हेटौंडा, २१ साउन/ अहिले मकवानपुरका अभिकांश सामुदायिक विद्यालय वर्षे बिदाका कारण बन्द छ । तर, मकवानपुरगढी गाउँपालिका-३ देवीडाँडामा रहेको सरस्वती आधारभूत विद्यालयमा भने पढाई भइरहेको छ । बालबालिकाहरु नियमित विद्यालयमा अध्ययन गर्न आइरहेका छन् शिक्षक पनि नियमित उपस्थित भएर कक्षा संचालन गरिहेका छन् ।

कक्षा ८ सम्म पढाई हुने यो विद्यालयमा अहिले कक्षा १-८ मा करिव ७० जना विद्यार्थी अध्ययनरत रहेको विद्यालयका शिक्षक रुपक अधिकारीले बताए । बिदाको समयमा विद्यार्थीले घरमा खासै पढाईमा रुचि नदिने भएका कारण अतिरिक्त कक्षा संचालन गरिएको उनको भनाई रहेको छ ।

विद्यालयमा विद्यार्थीको कक्षाअनुसार फूलबारीको ब्यवस्थापनको सुरुवात पनि गरिएको छ । प्रत्येक शुक्रबार विद्यार्थीले आ-आफ्नो फूलबारीमा गोडमेल तथा सरसफाइ गर्ने गरेको र जसका कारण विद्यालयमा सानै उमेरदेखि आफ्नो काम आफैंले गर्नुपर्ने बानी बस्ने शिक्षक अधिकारी बताउँछन् ।

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौँडा सिटी कलेजमा B.Sc.CSIT** कार्यक्रम अन्र्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं सनूहको (**2080 Batch**) लागि प**्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौँडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

# सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौँडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# उपमहानगरको विद्युतबिहिन बस्ती

नेपाल विद्युत प्राधिकरण, हेटौंडा वितरण केन्द्रको तथ्यांकअनुसार हेटौंडामा ५ प्रतिशत नागरिक विद्युतको पहुँच बाहिर छन् । उपमहानगरभित्र ९५ प्रतिशत विद्युत पुगेको हेटौंडा वितरण केन्द्रले जानकारी दिएको छ । हेटौंडामा १९ वटा वडा छन् । जसमध्ये २ र १० नम्बर वडामा ९९ प्रतिशत भन्दा बढी विद्युत विस्तार भएको छ । उपमहानगरपालिका कार्यालय रहेकै २ नम्बर वडामा ९९ दशमवल ४० प्रतिशत विद्युत विस्तार भएको हेटौंडा वितरण केन्द्रले जानकारी दिएको छ । १० नम्बर वडामा ९९ प्रतिशत विद्युत विस्तार भएको केन्द्रको तथ्यांकले देखाएको छ । उपमहानगरभित्र १७ र १८ नम्बर वडा विद्युत पहुँचबाट सबैभन्दा पछाडि रहेका छन् । १७ नम्बर वडामा ८८ प्रतिशत र १८ नम्बर वडामा ८७ प्रतिशत नागरिक विद्युतको पहुँचमा छन् । प्रतिशतले झण्डै ९० प्रतिशत देखाए पनि विद्युतको पहुँचबाट धेरै नागरिक बाहिर रहेका छन् । १५ नम्बर वडामा ९१ प्रतिशत मात्रै विद्युत विस्तार भएको तथ्यांकले देखाएको छ । बिगतमा मध्यमाञ्चल विकास क्षेत्रको सदमुकाम र मुलुक संघीय संरचनामा गएपछि प्रदेशको राजधानी रहेको हेटौंडाका नागरिकका दु:ख अनेक छन् । हेटौंडाकै कर्रा र राप्ति खोला किनारका नागरिक वर्षा लागेपछि रातभर निधाउन पाउँदैनन् । हेटौंडा-१५ को चिप्लेटी, बाँसघारी, शक्ति लगायतका नागरिकलाई बजार आउन बारा अमलेखगञ्जको सडक प्रयोग गर्नुपर्छ ।

चिप्लेटीमा करिब ३ वर्ष अघिसम्म स्वास्थ्यचौकी र निमावि तहसम्मको एउटा विद्यालयसमेत थिएन । प्रदेश सरकारको पहिलो कार्यकाल अभ्यासमै बित्यो । दोस्रो कार्यकाल चलिरहँदा पनि हालसम्म हेटौंडामा प्रादेशिक संरचनाको सुरसार छैन । समग्र मकवानपुर र प्रदेशकै राजधानी हेटौंडाका नागरिक भने अझै अँध्यारोमा बस्न बाध्य छन् । प्रविधिको तीव्र विकासको गति र विद्युतीयकरणको अत्यावश्यकताका बीच प्रदेश राजधानी हेटौंडाकै ५ प्रतिशत नागरिक अझै अँध्यारोमा बस्न बाध्य छन् भन्दा धेरैलाई विश्वास नलाग्न सक्छ । मकवानपुरका १० वटा स्थानीय तहमध्ये सबैभन्दा बढी विद्युतको पहुँच पुगेको पालिका भने हेटौंडा नै हो । जिल्लाकै विकट कैलाश गाउँपालिकामा २९ प्रतिशत मात्रै विद्युत विस्तार भएको वितरण केन्द्रले जानकारी दिएको छ । कैलाशको चारवटा वडा भने पालुङ वितरण केन्द्रको कार्यक्षेत्र हो । कैलाशको ३, ४, ७ र ८ नम्बर वडामा हालसम्म विद्युत नै नपुगेको हेटौंडा वितरण केन्द्रले जानकारी दिएको छ । कैलाशका केही वडा कार्यालयसम्म विद्युत पुगे पनि नागरिकको घरमा विद्युत पुगेको छैन । बकैया गाउँपालिकामा ४२ दशमवल ५० प्रतिशत विद्युत विस्तार भएको छ । बकैयाको १२ नम्बर वडाका अधिकांश नागरिक अझै पनि अँध्यारोमा बस्न बाध्य छन् । १० र ११ नम्बर वडामा ५ प्रतिशत मात्रै विद्युत पुगेको हेटौंडा वितरण केन्द्रले जनाएको छ । १ र २ नम्बर वडामा क्रमश: ३५ र २५ प्रतिशत मात्रै विद्युत पुगेको छ । राज्य पुनसंरचनाका क्रममा बकैयामा गाभिएको साबिक धियाँल, शिखरपुर गाविसमा विद्युतीकरण अत्यन्तै न्यून रहेको थियो । बागमती गाउँपालिकाको ३ र ९ नम्बर वडा विद्युत पहुँच बाहिर छ । ४, ६ र ८ नम्बर वडामा विद्युत ९० प्रतिशत बढी विस्तार भइसकेको हेटौंडा वितरण केन्द्रको तथ्यांकले देखाउँछ ।

भीमफेदी गाउँपालिकाभरी ९० दशमलव २१ प्रतिशत विद्युत विस्तार भएको छ । भीमफेदीको १ देखि ७ नम्बर वडामा ९० प्रतिशत बढी विद्युत विस्तार भएका छन् । भीमफेदीको ८ र ९ नम्बर वडामा भने पालुङ वितरण केन्द्रको कार्यक्षेत्र रहेको छ । मकवानपुरगढी गाउँपालिकामा ५८ दशमलव ३८ प्रतिशत विद्युत पुगेको छ । १ नम्बर वडामा जम्मा १५ प्रतिशत नागरिक मात्रै विद्युतको पहुँचमा रहेका छन् । ३ नम्बर वडामा ९० प्रतिशत विद्युत विस्तार हुँदा २, ४, ५, ६, ७ र ८ नम्बर वडामा ५० प्रतिशतको हाराहारीमा विद्युतको पहुँच छ । मनहरी गाउँपालिकामा ७२ दशमलव २२ प्रतिशत विद्युत विस्तार भएको छ । ९ नम्बर वडामा ९० प्रतिशत विद्युत पहुँच रहेको छ भने बाँकी वडामा ८० प्रतिशतको हाराहारीमा विद्युत विस्तार भएको हो । राक्सिराङ गाउँपालिकामा ४१ दशमलव ६७ प्रतिशत विद्युत पहुँच रहेको हेटौंडा वितरण केन्द्रले जानकारी दिएको छ । राक्सिराङको ७ र ९ नम्बर वडामा भर्खरै विद्युत पुगे पनि सबै नागरिकको घर उज्यालो भएको छैन् । थाहा नगर पालिका र इन्द्रसरोबर गाउँपालिका पालुङ वितरण केन्द्रको कार्यक्षेत्र रहेको छ । त्यहाँ पनि विद्युतको पहुँच बारिह रहेका नागरिक धेरै छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन २३ गते मंगलबार ९ अगष्ट २०२३ । सप्तमी, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:३१, सूर्यास्त ६:४६ । गोरखकाली पूजा । अष्टमीब्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा कलह | **तुला** | : मानसिक अशान्ति |
| **वृष** | : यात्रामा बाधा | **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : अपजस पाइने | **मकर** | : उपचारमा खर्च बढ्ने |
| **सिंह** | : बौद्धिक कार्यमा बाधा | **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **कन्या** | : व्यवसायमा विवाद | **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# दक्षिण एशियाली समाजसँग मणिपुर हिंसाको साइनो



✍ दामोदर त्रिपाठी

भारतको पूर्वोत्तर राज्य मणिपुर विगत तीन महिनादेखि हिंसाग्रस्त छ । त्यहाँ बसोबास गरिरहेका मैतेई र कुकी समुदायबीचको विवाद र द्वन्द्वले हिंसाको रूप लिएपछि मणिपुरका छिमेकी राज्यहरू र केन्द्र सरकारसम्म यसको सामाजिक र राजनीतिक प्रभाव विस्तार भइरहेको छ र तीव्र बहस, तर्क र विवादमा देशभरका मानिसहरू तानिइरहेका छन् ।

गत हप्तादेखि नै भारतको संसदका दुवै सदनमा बहसहरू अझ एकपछि अर्को पेचिलो बनिरहेका छन् । विपक्षीहरू प्रधानमन्त्री नरेन्द्र मोदीले यो विषयमा संसदमा आफ्नो बयान दिन र उचित राजनीतिक कदम लिन विलम्ब गरिरहेको बताइरहेका छन् । आम भारतीय र समग्र दक्षिणएशिया क्षेत्रका मानिसहरूका लागि भने यो घटनाले एक तवरको भय र संशयलाई पुनर्जन्म दिएको छ ।

समाजका सचेत मानिसहरूका लागि यो घटनाले नश्लीय, जातीय र साम्प्रदायिक रूपमा विभाजित भारतीय उपमहाद्वीपको समाजभित्रका अन्तर्निहित आपसी घृणा, असहिष्णुता र द्वन्द्वका कुरुप खोंचहरूतर्फ गहन तवरले सोच्न फेरि एक पटक बाध्य पारिदिएको छ ।

### मणिपुर र विद्यमान हिंसा

मणिपुरको कुल आवादी करिब ३० लाख छ र यो २२ हजार ३२७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । ९० प्रतिशत पहाडी भूभाग रहेको मणिपुरको राजधानीलाई इम्फाल नामले चिनिन्छ जुन पहाडहरूले घेरिएको उपत्यका हो । यो राज्यको एक मात्र समथर भू-भाग पनि हो । राज्यको पहाडी क्षेत्रमा मणिपुरका मुख्य जनजातिमध्ये नागा र कुकीहरूको बसोबास ज्यादा रहेको छ । कानुनी रूपमा पहाडी क्षेत्र यिनै जातिहरूको संरक्षित क्षेत्र पनि हो ।

यस राज्यको सबैभन्दा ठूलो जातीय समुदाय मैतेई हो । राज्यमा उनीहरूको उपस्थिति कुल जनसंख्याको ५३ प्रतिशत रहेको छ । उनीहरूको बसोबास मुख्यत: यही समथर उपत्यकामा रहेको छ ।

मैतेई, नागा र कुकी समुदायलाई मणिपुरका आदिवासीको रूपमा पनि लिइन्छ । नागा, कुकी लगायत समुदायहरूको संरक्षित क्षेत्र भएकोले मैतेई समुदायले पहाडी क्षेत्रमा जग्गा जमिन किन्न र बसोबास गर्न नपाइने व्यवस्था रहेको थियो ।

बेलायती शासनकै समयमा गरिएको यो व्यवस्थाप्रति मैतेई समुदायको विमति र असन्तोष आरम्भदेखि नै रहेको भए पनि कानुनी रूपमा यसमा हालसम्म तल-माथि कतैबाट भएको थिएन । मणिपुरको हालको हिंसाको मुख्य जरो यही भूस्वामित्वको व्यवस्थासँग गाँसिएको छ ।

जानकारहरू भारतीय स्वतन्त्रतासँगै जनभूमि सुधार मणिपुरले खोजिरहेको थियो तर जातीय पृथकतावादलाई प्रश्रय दिने औपनिवेशिक चिन्तनबाट भारतीय शासकहरू पनि मुक्त हुन सकेनन् र मणिपुर नयाँ भारत बन्दै गर्दा पनि जातीय विभाजनको कटु विरासतलाई थाम्न विवश हुनुपर्‍यो ।

पछिल्लो विवाद र हिंसाको आगो तब सल्कियो जब गत मे महिनामा स्थानीय अदालतबाट पहाडी इलाकामा राज्यको बहुसंख्यक मैतेई समुदायलाई पनि भूमि अधिकार दिने फैसला गरियो । अदालतको यो आदेशले पहाडी क्षेत्रका आदिवासीहरूलाई भयभित बनायो र अब उनीहरूले भूमिमाथिको एकाधिकार गुमाउने अवस्थामा आफूहरूलाई पुर्‍याएको महसुस गरे ।

मणिपुरमा नागाल्याण्डको रूपमा छुट्टै राज्यको लागि जातीय आन्दोलनको लामो इतिहास यद्यापि कायम छ । तर, पछिल्लो हिंसा तुलनात्मक रूपमा अनपेक्षित समुदायहरूको बीचमा हुन पुग्नु एउटा गम्भीर चिन्ताको विषय बनिरहेको छ । हिंसाले यस्तो गम्भीर स्थिति सिर्जना गरेको छ कि मणिपुरको भविष्यप्रति मानिसहरूले अनेक आशंकाहरू प्रकट गरिरहेका छन् ।

अदालतको फैसलाको विरोधमा पहाडी समुदायहरूबाट सशक्त विरोध प्रदर्शन भइरहेको थियो र दुई जातिहरूको बीचमा द्वन्द्व बढिरहेको थियो । भनिन्छ- द्वन्द्वले हिंसाको रूप तब लियो जब मैतेई समुदायको एक महिलालाई कुकी समुदायले यौन हिंसा गरेको अफवाह भाइरल भयो । तत् पश्चात् मैतेई समुदायले कुकी समुदाय माथि गरेको बर्बर आक्रमणका तस्बिरहरू सामाजिक सञ्जालमा देखा परे । चरम यौन हिंसा, आगजनी, कुटपिट र मानिसका शरीरमा हतियार प्रयोग गरिएको र चरम यातना दिइएका तस्बिरहरू सामाजिक सञ्जालमा देख्न थालिए ।

यी तस्बिरहरू फैलिएको केही समयमै भारतीय समाज स्तब्ध बनेको छ र केही स्थानमा हिंसाका विरुद्धमा प्रदर्शनहरू पनि भएका छन् । भारतको सर्वोच्च अदालतले स्थानीय अदालतको आदेशलाई निस्तेज बनाइसकेको छ । हिंसाले आगोको रूप लिइसकेको अवस्थामा पछिल्लो आदेशको प्रभावले तत्काल हिंसालाई कम गर्न र शान्ति स्थापनाको नयाँ वातावरण निर्माण गर्न सघाउ पुग्ला तर पर्याप्त हुनेछैन ।

गएको ३ महिनाभरि चलेको हिंसाले करिब १५० मानिसको ज्यान लिएको छ । मणिपुरका ६० हजार भन्दा बढी मानिस छिमेकी राज्यहरू मिजोरम, मेघालय, आसाम र त्रिपुरामा शरणार्थी बन्न पुगेका छन् । पहाडी क्षेत्रमा बसोबास गर्ने कुकी समुदायका चर्च र घरहरूमा आगजनी गरिएको छ ।

मणिपुरमा चालु हिंसाको अवस्था कुन विन्दुमा गएर रोकिनेछ ? आम समाजमा शान्तिको स्थापना कसरी हुनेछ ? हालको हिंसामा भएको क्षतिलाई कसरी व्यवस्थापन गरिनेछ ? यी प्रश्नहरूको यतिवेला कुनै उत्तर छैन । अर्थात्, मणिपुरको उज्यालो भविष्य अब कसरी सुरु हुनेछ, कुनै अनुमान गर्न तत्काल मुस्किल छ ।

### दक्षिण एशियाली समाजसँग मणिपुर हिंसाको सम्बन्ध

भारतीय जानकारहरू हालको मणिपुर हिंसालाई विभिन्न तवरले व्याख्या र विश्लेषण गरिरहेका छन् । कतिपयका नजरमा यो हिंसा भारतीय संस्थापनको बेलायती औपनिवेशिक चिन्तनको निरन्तरता र सन् १९४७ को स्वतन्त्र भारतका नयाँ नेता र शासकहरूका स्थानीय ऐतिहासिक, सामाजिक र सांस्कृतिक विशिष्टताहरूप्रतिका उदासीनताका कारण प्रकट भएको एक राजनीतिक प्रतिक्रिया हो ।

यस सम्बन्धमा अन्य केही जानकार हरूले यो हिंसाको सम्बन्ध वर्तमान भारतीय सुरक्षा संयन्त्रमा रहेका संस्थागत कमजोरी र भारतीय शासनमा हाल बढ्दै गरेको एकल धार्मिक मान्यताको बढावाको प्रभावले उत्पादन गरेको परिस्थितिका रूपमा पनि अर्थ्याइरहेका छन् ।

तर सबैजसो जानकारहरूको समान धारणा के छ भने, मुख्यत: आधुनिक स्वतन्त्र भारतको राज्य अभ्यास माथि कैयौं चिन्ता सबैतर्फबाट व्यक्त भएका छन् । यो वास्तवमा एउटा महत्वपूर्ण र यस क्षेत्रका सबैजसो सरकार, अध्येता र सचेत नागरिकको पनि सरोकारको विषय अवश्य हो ।

कतिपय भारतीय विद्वानहरूका विचारमा विश्वको सबैभन्दा ठूलो आधुनिक लोकतन्त्रको रूपमा परिचित र विश्वको पाँचौं ठूलो अर्थतन्त्र बन्न सफलता हासिल गर्दै गरेको आजको भारतको राजनीतिक अभ्यासले स्थानीय सामाजिक, सांस्कृतिक एवं पर्यावरणीय विशिष्टताहरू र ऐतिहासिक निरन्तरताको यथार्थलाई पटक-पटक अनदेखा गरेको छ । यसले समाजमा द्वन्द्व र हिंसालाई बल मिलिरहेको तर्क उनीहरूको रहेको छ । कतिपय चिन्तकहरूको मत के छ भने, यस प्रकारका शासकीय अनदेखाको परिणामस्वरूप देशको पूर्वोत्तर क्षेत्र, काश्मिर र पञ्जाब लगायत प्रान्तहरूमा अलगाववादलाई प्रश्रय दिइरहेको छ । साथै यही प्रवृत्तिको परिणाम गुजरात र दिल्ली लगायत क्षेत्रहरूमा अल्पसंख्यक समुदायको जीवन साम्प्रदायिक तनाव र हिंसाका कारण निरन्तर कष्टकर बनिरहेको प्रति उनीहरूको निकै ठूलो असन्तोष रहेको छ ।

यो निकै गहन र संवेदनशील सवाल पनि हो कि आजको मणिपुरको हिंसा र जातीय विभाजनलाई स्थानीय परिप्रेक्ष्यमा मात्र हेर्ने वा यसलाई विगतमा भारतमै भएका हिन्दु-मुस्लिम टकराव, श्रीलंकाली तमिल विद्रोह, नेपाली भाषीमाथि भुटानी राज्यबाट भएको जातीय सफाया, नेपालका क्षेत्रीय र अल्पसंख्यक समुदायका विगतका विद्रोह, बर्मामा भइरहेको ५०औं वर्ष अगाडिदेखि अल्पसंख्यक समुदायले स्वतन्त्रताका लागि गरिरहेको विद्रोह र हालै रोहिंग्या समुदाय माथि भएको राज्य आतंक र जातीय सफाया लगायत यावत् द्वन्द्व र हिंसाका घटनाहरूबीचको एक घटनाका रूपमा हेर्ने ? एउटा गम्भीर सवाल यो क्षेत्रका सरकार, राजनीतिक साझेदार र अध्येताहरूका अगाडि खडा भएको छ ।

र, यस प्रश्नको उत्तर दिन सबै पक्षहरू जिम्मेवार बन्नै पर्दछ । किनभने यो यस क्षेत्रमा बसोबास गर्ने करिब पौने २ खर्ब मानिसको शान्तिपूर्ण तवरले बाँच्न पाउने र आफू सुरक्षित भएको अनुभूत गर्न पाउने अधिकारसँग जोडिएको सवाल पनि हो ।

अन्त्यमा, यहाँ एउटा तथ्यलाई मनन गर्नै पर्दछ । त्यो के हो भने, भारतीय राज्य र सरकार यस उपमहाद्वीपको सबैभन्दा ठूलो समाजलाई प्रतिनिधित्व गर्ने एक महत्वपूर्ण साझेदार हो । यहाँका अन्य कुनै पनि राज्य वा सरकारहरू, सरकारी, गैरसरकारी संस्थानहरू लगायत आम जनता बीचको आपसी सम्बन्धमा समेत भारतीय पक्षको सम्बन्ध र संलग्नताको आवश्यकता र महत्वलाई सायदै कुनै पक्षले कम आकलन गर्न सक्ने अवस्था छ ।

यसको अर्थ के पनि हो भने भारतीय सरकार र राज्यले आफ्ना नागरिकसँग कसरी सम्बन्ध स्थापित गर्दछ भन्ने कुराले उसका छिमेकी देशहरूले अवलम्बन गर्ने त्यस प्रकारका सम्बन्धहरूमा पनि प्रत्यक्ष-परोक्ष सम्बन्ध राख्दछन् । त्यस्तै भारतीय राज्य र सरकारहरूले लिने आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रका नीति र योजनाको सम्बन्ध भारतभित्र मात्र होइन उसका छिमेकी देश र सरकारहरूका प्राथमिकता र नीतिहरूलाई समेत गहिरो तवरले प्रभाव पर्ने ताकत राख्दछन् भन्ने कुरा पनि अब सबैका अगाडि छर्लङ्गै रहेको कुरा हो ।

यस अर्थमा आज मणिपुरमा जे भइरहेको छ त्यसलाई हामीले भारतीय उपमहाद्वीपको समग्र इतिहासबाट अलग्गै राखेर हेर्न सक्दैनौं न त यसको प्रभाव केवल मणिपुर र यस महाद्वीपको एउटा कुनामा मात्र सीमित रहन सक्ला भनेर चुप लागेर बस्ने अवस्था नै रहन्छ । त्यसैले यस क्षेत्रका सचेत मानिसहरूको चासो र सरोकार भनेको भारतीय सरकार र संस्थापन पक्ष आजको मणिपुर मुद्दामा आम नागरिकहरूप्रति अरू बढी जिम्मेवार, अरू बढी लोकतान्त्रिक र अरू बढी समझदारीपूर्ण उपायहरूको अवलम्बन गर्दै यो समस्यालाई सम्बोधन गर्न सफल होओस् भन्ने नै हो ।

यो दिशामा वर्तमान भारतीय नेतृत्वले सफलता हासिल गर्न सकोस् र जनसंख्या, अर्थतन्त्र र प्रविधिको विकासमा विश्वको नेतृत्व गर्न अग्रसर भइरहेको भारतले शान्ति र सहअस्तित्व सहितको समाज निर्माणको दिशामा समेत हालको मणिपुर घटनाबाट एक महत्वपूर्ण अनुभव र उदाहरण यस क्षेत्रका सरकार र नीतिनिर्माताहरूका अगाडि प्रस्तुत गरोस् । *(साभार: अनलाइनखबर)*

# सफलताका रंग अनेक

✍ केशव दाहाल

सफलता के हो ? असफलता के हो ? राजनीतिमा सफलता र असफलताको अर्थ र महत्त्व के छ ? के राजनीति फगत सत्ता हो ? कि हो ज्ञान, अनुभव, परिवर्तन र जीवन मूल्यको एउटा उज्यालो, जसले मान्छेलाई भविष्यप्रति विश्वस्त बनाउछ ।

ज्ञानीहरू भन्छन्, भ्रष्टहरूको समाजमा सफलता स्वयं असफलताभन्दा खतरनाक हुन्छ । अवश्य नै, जस्तो कि यदि भ्रष्ट मन्त्री सफल भयो भने के हुन्छ ? यदि निरंकुश नेता सफल भयो भने के हुन्छ ? यदि दुष्ट नायक सफल भयो भने के हुन्छ ? यी र यस्तै अनेक प्रश्नको सेरोफेरोमा उभिएर आजलाई सफलताको भाष्य र भावभूमिमाथि विमर्श गरौं ।

प्रारम्भमा चारवटा सन्दर्भ सुनाउँछु । पहिलो सन्दर्भ छ, विद्युत् बल्बको आविष्कारबारे । थोमस अल्वा एडिसनले विद्युत् बल्बको आविष्कार (सन् १८७९) गरे । भनिन्छ, त्यसका लागि उनले कम्तीमा एक हजार पटक परीक्षण गरे । तर प्रत्येक पटक उनले चाहेजस्तो परिणाम आएन । जब उनी एक हजार एक पटक परीक्षण गर्दै थिए, अकस्मात् बल्ब चम्कियो र प्रकाशवान् भयो । उनी खुसीले चिच्याए । पछि मान्छेसँग आफ्नो सफलताको कथा सुनाउँदै उनले भने, 'मैले हजार पटक कोसिस गरें ।' एक जनाले प्रतिप्रश्न गर्‍यो, 'मिस्टर एडिसन, के तपाईं हजार पटक असफल हुनुभयो ?' उनले जवाफ दिए, 'म कहिल्यै असफल भइनँ । बरु पाइलापाइलामा सफल हुँदै अगाडि बढ्दै गएँ । मेरो प्रत्येक पाइलाले मलाई लक्ष्यमा पुग्न सघाउँदै थियो । अर्थात्, म प्रत्येक पाइलामा सफल हुँदै थिएँ । अन्यथा, हजार पाइला नहिँडेको भए, म एक हजार एक पाइलामा कसरी पुग्थें ?' म अझै सम्झन्छु, कक्षा १० मा 'अप्सनल म्याथ' पढाउने गुरु तुलसी न्यौपानेले पहिलो पटक मलाई यो सन्दर्भ सुनाउँदा मेरो मन गदगद भएको थियो । एडिसनको यो जवाफ मेरा लागि धेरैपछिसम्म पनि सफलताको अद्‌भुत मन्त्र बन्यो ।

दोस्रो कुरा छ, प्रजा परिषद्को (विक्रम संवत् १९९३) । प्रजा परिषद् नेपाली लोकतान्त्रिक आन्दोलनको एक अजेय सुरुआत थियो, जसले राणा शासनको अन्त्य गर्न सचेत आन्दोलनको थालनी गर्‍यो । प्रजातन्त्रको माग गर्दै काठमाडौंमा पर्चा बाँडियो । युवाहरूले त्रलान्तिको बिगुल फुके । आन्दोलनमा हाम्रा चार सपूतले जीवनको आहुति दिए । तर दुर्भाग्य, प्रजा परिषद्ले न राणा शासनविरोधी निर्णायक आन्दोलनको नेतृत्व गर्‍यो, न त्यो पार्टी बलियो राजनीतिक विकल्पका रूपमा उदायो । कालान्तरमा प्रजा परिषद् प्रतिस्पर्धाबाटै हरायो । प्रश्न आउँछ, के टंकप्रसाद आचार्य र दशरथ चन्दहरू असफल भए ? के प्रजा परिषद् असफल भयो ? चलनचल्तीको राजनीतिक (सामाजिक) स्कुलले भन्छ, अवश्य नै । किनभने उनीहरूले पार्टी बनाउन सकेनन् । तर यदि उनीहरूलाई असफल ठान्ने हो भने, प्रजा परिषद्ले प्रारम्भमा जे गर्‍यो के त्यसको कुनै मूल्य थिएन ? मूल्य थियो । त्यसो भए, त्यति ठूलो मूल्यको राजनीतिक बलिदानलाई कसरी असफल भन्न सकिन्छ ?

तेस्रो कुरा छ, मानव सभ्यताबारे । इतिहास र समाजको अध्ययन गर्दा मानव सभ्यताका अनमोल खोज र आविष्कारका अनेक प्रसंग भेटिन्छन् । यस्तो लाग्छ, अहिले हामी जहाँ उभिएका छौं, यहाँ आइपुग्न हाम्रा पुर्खाहरूले सहस्र त्याग र बलिदान गरेका छन् । जस्तो, के खान हुन्छ, के हुँदैन ? कुन विष हो, कुन अमृत ? कताबाट हिँडे कता पुगिन्छ ? विशाल समुद्रमा हेलिँदै कताबाट कता जाँदा अमेरिका आउँछ ? कता जाँदा युरोप आउँछ ? कुन फलमा जीवन छ, कुन फलमा मृत्यु ? चकित पार्ने प्रश्न के भने, सभ्यताको यो उचाइमा आइपुग्न हाम्रा पुर्खाहरूले दु:खका कति पहाड उक्लिए होलान् ? खोज, आविष्कार, अनुभव र सिकाइका पहाड । हाम्रो कुन खानामा अमृत र कुनमा विष छ भन्ने थाहा पाउन हाम्रा पुर्खाहरूले कति विष खाए होलान् ? कति मरे होलान् ? सभ्यताको यो महायात्रामा अकालमै मृत्युवरण गर्ने हाम्रा पुर्खाहरू सफल थिए कि असफल ? उनीहरू असफल थिएनन् । मलाई लाग्छ, त्यसैले ज्ञान र अनुभवको आकाशमा उनीहरू ताराझैं अमर छन् ।

चौथो, नीति सन्दर्भ छ । मानौं, एउटा नगरमा चार जना आत्मीय मित्र थिए । एक संन्यासी । एक गृहस्थ । एक व्यापारी । एक राजा । संन्यासीसँग वैराग्य र ज्ञान थियो, तर धन थिएन । गृहस्थसँग परिवार थियो, तर वैराग्य थिएन । व्यापारीसँग धन थियो, तर संन्यास थिएन । राजासँग सत्ता थियो, तर गृहस्थ थिएन । विचार गरौं, यी चार जनामा सबैभन्दा सफल को हो ?

यी प्रसंगहरूले भन्छन्, सफलता र असफलता सपाट सीमारेखामा विभाजित हुँदैनन् । सफलता न सधैं सेतो र स्फटिक मात्र हुन्छ, न त असफलता सधैं धमिलो र कालो । सफलता र असफलताको मापदण्ड व्यक्ति स्वयंले रोजेको भूमिकाले निर्धारण गर्छ । जस्तो कि, संन्यासीका लागि धन वैराग्यको तगारो हो, तर व्यापारीका लागि सफलताको साधन । सन्तानप्रतिको अति मोह राजाका लागि अन्यथा होला, तर गृहस्थलाई त्यही नै आनन्द हो । जब मान्छेको काम, भूमिका र सपना फरक हुन्छ, सफलताको रंग, रूप र सुगन्ध स्वभावत: फरक हुन्छ । कसैले मात्र एउटा सूत्र र सन्दर्भबाट सफलताको जाँच गर्छ भने ऊ अज्ञानी हो ।

### तीन दृष्टिकोण

राजनीतिमा सफलता र असफलतालाई हेर्ने मोटामोटी तीन दृष्टिकोण छन् । पहिलो, सत्तामुखी दृष्टिकोण । दोस्रो, परिवर्तनमुखी दृष्टिकोण । तेस्रो, क्रमबद्ध विकासको दृष्टिकोण । पहिलो दृष्टिकोणले सत्ता, शक्ति र सम्पत्तिलाई राजनीतिको मुख्य सफलता मान्छ । दोस्रो दृष्टिकोणले राजनीतिलाई परिवर्तनको साधन ठान्छ । यो दृष्टिकोणका लागि राजनीति जीवन र जगत् बुझ्ने र बदल्ने अभियान हो, जसले भन्छ– 'राजकीय सत्ताभन्दा ज्ञान, दर्शन, विचार, साधना, उत्प्रेरणा र आविष्कार ठूला हुन् ।' यो दृष्टिकोणले अगाडि भन्छ– 'राजनीतिको मुख्य काम हो समाजलाई ज्ञान, दर्शन, विवेक र मूल्यमान्यताले आलोकित गर्नु । थिति बसाउनु । न्याय स्थापित गर्नु । र, सभ्यतालाई उज्यालो देखाउनु ।' तेस्रो दृष्टिकोणले भन्छ– 'राजनीतिमा प्राप्त हुने सफलता आफैंमा समयसापेक्ष हुन्छ । आज देखिने सफलता मात्र आजका कारण सृजना भएको होइन । त्यो पछिल्ला अनेक प्रयत्नले आर्जन गरेको पछिल्लो परिणाम हो । अर्थात्, कुनै पनी सफलतासँग उसको विगत र वर्तमान अविभाज्य हुन्छ । समय र यसको क्रमबद्ध चालभन्दा पृथक् रहेर सफलता एक्लै बाँच्दैन ।'



पहिलो दृष्टिकोण हाम्रो समाजको आम दृष्टिकोण हो, जसले भन्छ– 'राजनीति सत्ताको खेल हो । जो दौडेर सिंहासनमा पहिले पुग्यो, उही सफल । जसरी भए पनी सत्ता र सम्पत्तिको मालिक बन ।' यो यस्तो धारणा हो, जसले राजनीतिमा निहित विचार, मुद्दा र परिवर्तनको लक्ष्यलाई अस्वीकार गर्छ, जसले यति मात्र भन्छ– 'राजनीति गर । अर्थात्, चुनावमा उठ, जसरी हुन्छ चुनाव जित र सरकारमा पुग । अन्यथा जीवन बरबाद छ । अन्यथा तिमी असफल ठहरिनेछौ ।' यसको विपरीत, परिवर्तनमुखी सोचले राजनीतिलाई सत्ता मात्र ठान्दैन । किनभने राजनीतिको मुख्य काम हो– परिवर्तन, अग्रगमन । ज्ञान, विचार, दर्शन, मूल्य, मान्यताको आविष्कार र प्रतिस्थापन । निष्ठा, नैतिकता र आत्मगौरवको निर्माण । सामाजिक न्याय र जगत्को कल्याण । राजनीतिको विशाल संसारमा शासनसत्ता त फगत सानो अंश मात्र हो । अत: अंशलाई नै सम्पूर्ण ठान्नु आफैंमा विरोधाभास हो ।

तेस्रो दृष्टिकोणले गतिशीलतामा विश्वास गर्छ । यसले भन्छ– 'प्रत्येक सफलताले विगतसँग क्रमबद्ध रूपमा जोडिएर वर्तमानको यात्रा गर्छ । र, त्यसरी नै वर्तमानसँग मिलेर भविष्यको यात्रामा निस्कन्छ ।' यसले भन्छ– 'सफलता युगसापेक्ष हुन्छ ।' यो दृष्टिकोणलाई बुझ्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) एउटा उदाहरण हुन सक्छ । जस्तो, कतिपय मान्छे भन्छन्– 'वैकल्पिक राजनीतिको एक दशक लामो प्रयत्नमा नयाँ शक्ति र विवेकशील साझा असफल भए । तर रास्वपा सफल भयो ।' विचार गरौं, के रास्वपाको सफलता अकस्मात प्राप्त भएको निरपेक्ष चमत्कार हो ? के नयाँ शक्ति र विवेकशील साझा पूर्णत: असफल भए ? यो दृष्टिकोणले भन्छ– 'रास्वपाको सफलता नयाँ शक्ति र विवेकशील साझाको जगमा आर्जन भएको सफलता हो । वस्तुत: नयाँ शक्ति र विवेकशिल साझा असफल भएनन्, बरु तिनले अर्को नयाँ बन्ने आधार खडा गरिदिए ।' स्पष्ट छ, पछिल्लो समय परम्परागत राजनीतिमाथि भएका आलोचना र नयाँ सम्भावनाहरूको पक्षमा गरिएका विमर्शहरू सबैले रास्वपाको सफलतामा योगदान गरेका छन् । यो अर्थमा सफलता यस्तो चीज हो, जो अकस्मात् हुँदैन । अर्थात्, हजार माइलको यात्रा सुरु हुन्छ पहिलो पाइलाबाट । यस्तो यात्रा, जहाँ प्रत्येक पाइलाको आफ्नै महत्व हुन्छ । यो सिद्धान्तले भन्छ– 'अन्तिम पाइला हेरेर पहिलो पाइलालाई असफल भन्नु मूर्खता हो ।'

*(साभार: ई-कान्तिपुर)*

ललितानिवास जग्गा प्रकरण :

# पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराई अनुसन्धानको दायरामा

काठमाडौं /सर्वोच्च अदालतले ललितानिवास जग्गा अनियमितता प्रकरणमा निर्णयकर्ताहरुलाई पनि अनुसन्धानको दायरामा ल्याउन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।

ललितानिवास जग्गा अनियमितता प्रकरणमा मुछिएका एक नायब सुब्बा (नासु) ले दायर गरेको बन्दी प्रत्यक्षीकरणको निवेदनमा सर्वोच्च अदालतले तल्लो तहका कर्मचारीलाई मात्रै अनुसन्धानको दायरामा ल्याएको देखिएको भन्दै निर्णयकर्ताहरुलाई पनि अनुसन्धानको दायरामा ल्याउन निर्देशनात्मक आदेश जारी गरेको हो ।

सर्वोच्च अदालतको आदेशमा भनिएको छ- 'नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रुपमा संलग्न हुनेहरु, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल बमोजिमको पिरामिडको माथिल्लो तह) बाट समेत गरी अब उप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नु/गराउनु भनी यो आदेश जारी गरिदिएको छ ।'

सर्वोच्चले आदेशमा तीनवटा मन्त्रिपरिषद बैठकको निर्णय नै उल्लेख गरेको छ । आदेशमा उल्लेखितमध्ये २९ चैत २०६६ मा बालुवाटारको प्रधानमन्त्री निवास विस्तार गर्ने र त्यसक्रममा मोही र निजी जग्गाधनीलाई सरकारी र सार्वजनिक जग्गा सट्टाभर्ना गर्ने निर्णय भएको थियो ।

मालपोत कार्यालय, डिल्लीबजारले भूमिसुधार कार्यालयबाट मोहीसम्बन्धी निर्णय कार्यान्वयन हुनुपर्नेमा आफूले गर्न नमिल्ने भन्दै मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्न मानेन । त्यसपछि ३१ वैशाख २०६७ को मन्त्रिपरिषद निर्णयले भूमिसुधार कार्यालयको काम समेत मालपोत कार्यालयले गर्ने भनी निर्णय गरेको थियो । त्यसक्रममा केही मोही र जग्गाधनीको विवरण छुटेको भनी २८ साउन २०६७ मा तेस्रो निर्णय भएको थियो । यी तीनवटै निर्णय हुँदा माधवकुमार नेपाल प्रधानमन्त्री थिए ।

भूमाफियाहरुले हुँदै नभएको पशुपति टिकिन्छा गुठी ललितानिवासको क्षेत्रभित्र पर्छ भनी समरजंग कम्पनीको नाममा रहेको जग्गा गुठीका नाममा सार्न खोजेका थिए । त्यसो भएमा गुठीका नाममा रहेका मोहीहरुले जग्गा पाउँथे । १८ असोज २०६९ मा डा. बाबुराम भट्टराई नेतृत्वको मन्त्रिपरिषद बैठकले समरजंग कम्पनीको नामको जग्गा पशुपति टिकिन्छा गुठीका नाममा हस्तान्तरण गर्न सैद्धान्तिक स्वीकृति दिएको थियो ।

सर्वोच्चको आइतबारको आदेशमा 'नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रुपमा संलग्न हुनेहरु' माथि अब उप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नु/गराउनु' भनिएको छ । आदेशमा स्पष्ट रुपमा व्यक्ति वा पदाधिकारी किटान नगरी मन्त्रिपरिषद्को निर्णय मात्रै भनेको छ ।

सर्वोच्च अदालतको आदेशबाट मन्त्रिपरिषद्को निर्णय प्रमाणीकरण गर्ने मुख्यसचिवहरु पनि छानबिनको दायरामा आउनेछन् । ललितानिवासबारे दुई सरकारले निर्णय गर्दा माधवप्रसाद घिमिरे र लीलामणि पौड्याल मुख्यसचिव थिए । घिमिरे त्रिशूलीमा भएको जीप दुर्घटनामा दिवंगत भइसकेका छन् ।

आदेशबारे जानकार एक सरकारी वकिलले आइतबारको आदेशले मन्त्रिपरिषदको निर्णयकर्तालाई पनि छानबिनको दायरामा ल्याउन आदेश दिएको बताउँछन् । 'निर्णय कार्यान्वयनकर्ता र त्यसको पालना गर्नेहरु त यसअघि नै छानबिनको दायरामा आइसकेका थिए, त्यसबारे आदेश बोलेको छैन' उनले भने, 'अहिलेसम्म छानबिनको दायरामा नतानिएका र पिरामिडको माथिल्लो तह भनी मन्त्रिपरिषद्को नेतृत्वकर्ता संकेत गरेको हो । अनुसन्धानकर्ताले आवश्यक देखेमा मन्त्रिपरिषद्का सबै सदस्यहरु छानबिनको दायरामा आउन सक्छन् ।'

सर्वोच्च अदालतको आदेशले छानबिनको दायरामा पर्ने पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई, तत्कालीन मुख्यसचिव लीलामणि पौड्याल अख्तियारको अनुसन्धानको दायरामा पनि आएका थिए । अख्तियारले मन्त्रिपरिषदको निर्णय आफ्नो क्षेत्राधिकारमा नपर्ने भन्दै नेपाल र भट्टराईलाई मुद्दा चलाएन भने निर्णय प्रक्रियामा संलग्न नभएको र मन्त्रिपरिषद्को निर्णय प्रमाणीकरण गरेको भन्दै पूर्व मुख्यसचिव पौड्याललाई मुद्दा नचलाउने निर्णय गरेको थियो ।

आफूलाई गैरकानुनी रुपमा थुनामा राखेको दाबी गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्ने योगराज पौडेल २०६१ सालमा डिल्लीबजार मालपोत कार्यालयमा नासु थिए । उनले राणा परिवारकी सुनिती राणाको जग्गा हालसाविक गर्ने क्रममा टिप्पणी उठाएका थिए । उनको तर्फबाट बहस गरेका वरिष्ठ अधिवक्ता रविनारायण खनालले निर्णयकर्ताले उन्मुक्ति पाएर कार्यान्वयनकर्ता मात्रै छानबिनको दायरामा परेको विषय निवेदनमा उठाइएको बताए ।

'निर्णयकर्ताहरुले उन्मुक्ति पाउने, उनीहरु छानबिनको दायरामा आउनु नपर्ने, तर निर्णयकर्ताको निर्णय पालना गर्नेहरु थुनामा पर्नु अन्याय भयो भन्ने मुख्य दाबी थियो' खनालले भने, 'माग बमोजिम सर्वोच्चले योगराज पौडेललाई थुनामुक्त त गरेन, तर कार्यान्वयनकर्ता छानबिनको दायरामा आउँदा पिरामिडको माथिल्लो तहमा रहेका निर्णयकर्ताले उन्मुक्ति पाउन मिल्दैन भनिदियो ।' उनको भनाइमा सर्वोच्चको आदेशपछि अब प्रहरीले मन्त्रिपरिषदको नेतृत्वकर्ता, निर्णय प्रक्रियामा संलग्न लगायतहरु छानबिनको दायरामा आएका छन् ।

सर्वोच्चले ललिता निवास जग्गा अनियमितता प्रकरणमा अहिलेसम्मको अनुसन्धान तल्लो तहमा केन्द्रित रहेको भन्दै त्यसको वस्तुनिष्ठतामा प्रश्न उठाएको छ । आदेशमा भनिएको छ, 'निर्णायक कानुनी हैसियत नभएका टिप्पणी उठाउने, कानुनी प्रकृया उठान गर्ने, त्रुटि सच्याउन कारबाही प्रकृया अवलम्बन गर्ने, जग्गाको नाप नक्सा गर्ने, साक्षी रोहवरमा बस्ने बसाउने, जग्गा खरिद बिक्री गर्ने गराउने जस्तो कार्यमा संलग्न तत्कालीन खरिदार, नायब सुब्बा, सर्वेक्षक, शाखा अधिकृत, जग्गा खरिदकर्ता आदितर्फ बढी अनुसन्धान केन्द्रित रहेको देखिन आउँछ ।'

प्रहरीले अनुसन्धान गरिरहेको विषयमा तत्कालै अविश्वास गर्नुपर्ने कारण नदेखिए पनि अपवादात्मक स्थितिमा स्वच्छ, निष्पक्ष, विश्वासप्रद अनुसन्धानका लागि अनुसन्धानमा मार्गदर्शन गराउन सक्ने भन्दै सर्वोच्च अदालतले निर्देशनात्मक आदेश दिएको हो ।

ललितानिवास जग्गा प्रकरणमा प्रहरीले नै पिरामिड शैलीमा संगठित अपराध भएको भनी दाबी गरेको, तर पिरामिडको माथिल्लो तहमा रहने निर्णयकर्तातर्फ अनुसन्धान भएको नदेखिएको भन्दै सर्वोच्च अदालतले अह्राएको काम गर्ने कर्मचारी र सम्पत्ति लगानी गरी जग्गा खरिद गर्नेहरुमाथि समेत अनुसन्धान भएकोमा प्रश्न उठाएको हो । सर्वोच्च अदालतले यस्तो परिपाटीलाई 'समग्र न्याय प्रणालीप्रतिको आम विश्वासको जोखिमता' भनेको छ ।

हिजोको परिस्थितिमा ललितानिवास प्रकरणमा माथिल्लो तहका पदाधिकारीहरुमाथिको अनुसन्धान प्रहरीको स्वेच्छिक विषय भएकोमा अब भने बाध्यकारी बनेको वरिष्ठ अधिवक्ता खनालको भनाइ छ । खनाल भन्छन्, 'हिजो अनुसन्धान भइरहेको छ भनेर प्रहरीले आनाकानी गर्ने अवस्था हुन्थ्यो, अब भने सर्वोच्चकै आदेशले उनीहरुमाथिको अनुसन्धान बाध्यात्मक बनेको छ ।'

पञ्चायतकालमा सरकारले मुआब्जा दिई अधिग्रहण गरेको ललितानिवासको जग्गा २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना पछि मालपोत कार्यालय डिल्लीबजार बाट व्यक्तिको नाममा दर्ता भएको थियो । तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले पञ्चायत कालमा राजनीतिक आस्थाका कारण कुनै व्यक्तिको जग्गा जफत भएको भनी अनुसन्धान गरेर फिर्ता दिने भनी निर्णय भएको थियो ।

यसअघि नै सीआईबीले २०४९ सालदेखि २०७० सालसम्म चारपटक किर्ते कागजातका आधारमा ललितानिवासको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता भएको निष्कर्ष निकालेको थियो । सीआईबीले २०४९, ६२, ६७ र ६९ सालमा गरी चारपटक सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएको र हरेक चरणमा किर्ते कागजातका आधारमा जग्गा व्यक्तिको नाममा दर्ता गर्ने काम भएको निष्कर्ष निकालेको छ ।

२०४९ र २०६२ सालमा मालपोत कार्यालयको निर्णयका आधारमा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएको पूर्वसचिव शारदाप्रसाद त्रिताल नेतृत्वको अध्ययन समितिको निष्कर्ष छ । २०६७ र ६९ सालमा भने गलत कागजात तयार गरी मन्त्रिपरिषद्को निर्णयका आधारमा जग्गा व्यक्तिका नाममा दर्ता भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'जय हो'को लगानीमा म चारवटा फिल्म बनाउँछु : शोभित बस्नेत




काठमाडौं /नेपाली फिल्ममा तीन दशक बिताइसकेका निर्देशक शोभित बस्नेत आफ्नो अभिव्यक्तिका कारण प्राय: चर्चा र विवादमा आइरहेका हुन्छन् । केही वर्षअघि उनले 'महानायक'को विषयमा दिएको अभिव्यक्तिले ठूलो विवाद निम्त्याएको थियो । यसको असर उनीद्वारा निर्देशित फिल्म 'डाँडाको वर पीपल'लाई समेत परेको थियो । तर, विवादको डरले आफ्नो अभिव्यक्ति राख्न भने उनी डराउँदैनन् ।

'दुर्गा, 'कर्णवीर', 'अग्नीपथ', 'राजु राजा राम', 'चिनो', 'दानवीर' जस्ता फिल्मबाट सफल निर्देशकको रुपमा चिनिएका शोभित फिल्म निर्माण र अभिनयमा पनि सक्रिय छन् । उनी स्वयंले निर्माण गरेको नयाँ फिल्म 'जय हो' आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । यो फिल्मलाई ब्रान्ड बनाउने उनको अठोट छ । यसैले उनले लगानी र प्रचारमा खर्च गर्न कुनै कसर छाडेका छैनन् ।

'जय हो'मा नयाँ स्वाद पस्किने प्रयास गरेको उनको भनाई छ । यो फिल्ममा भएको लगानीले आफूले चारवटा फिल्म बनाउने समेत निर्माता बस्नेत बताउँछन् । उनी भन्छन्, 'मेरो अर्को फिल्म 'बद्री बहादुरी' पनि रिलिजको तयारीमा छ । मैले 'जय हो' जति बजेटमा निर्माण गरेको छु, त्यतिमा त मैले 'बद्री बहादुर' जस्तो चारवटा फिल्म चाहिँ बनाउँछु । त्यसरी मैले यो फिल्ममा लगानी गरेको छु ।'

आफूलाई फिल्म क्षेत्रमा दिगो रुपमा लग्नुपर्छ भन्ने सोचले 'जय हो' बनाएको शोभितको तर्क छ । 'मेरा फिल्महरु अहिलेसम्म घाटामा गएको जस्तो लाग्दैन । र, १० वर्ष मैले किन फिल्म बनाइनँ भन्दा, पहिला म जसरी काम गर्थें त्यसरी गरेर हुन्न भनेर हो । अब जुन काम गर्छु त्यसले मलाई दिगो लग्नुपर्छ भनेर नै 'जय हो' बनाएको छु । यसैलाई ब्रान्ड बनाउँछु भनेर अघि बढेको छु,' बस्नेतले भने ।

फिल्म प्रदर्शन हुनुअघि आफूले लगानी सुरक्षितको सुनिश्चिता गरिसक्ने बताउँदै उनले 'जय हो' पनि एक हिसाबले सुरक्षित भैसकेको दाबी गरे । 'म अर्बपतिको छोरा होइन कि लगानी नउठे पनि बारम्बार फिल्म बनाइरहन सकुँ,' उनी भन्छन्, 'मैले फिल्म रिलिजको एकदिन अगाडिसम्म लगानी सुरक्षितको ग्यारेन्टी गरिसकेको हुन्छु । 'जय हो'को पनि मैले एक हिसाबले लगानी उठाइसकेको छु ।'

शोभितले 'जय हो' पाँचजना कलाकारमा केन्द्रित रहेको स्पष्ट पारे । माओत्से गुरुङ, निशा अधिकारी, केकी अधिकारी, अर्पण थापा र सलोन बस्नेतमा फिल्मको कथा घुमेको उनको भनाई छ । हरेक एक कलाकारले बेजोडको काम गरेको बताउँदै उनले फिल्मले दर्शकलाई निराश नबनाउने दाबी गरे । उनका अनुसार, नेपालकै मितिबाट अष्ट्रेलियाका विभिन्न शहर समेत फिल्म प्रदर्शन हुनेछ ।

# माल्दिभ्समा खुलेकी अदिती



काठमाडौं /बलिउडका प्राय: सेलिब्रेटीका लागि बिदा मनाउने आकर्षक गन्तव्य बनेको माल्दिभ्स नेपाली सेलिब्रेटीहरुको पनि रोजाई बनिरहेको छ ।

बलिउडमा प्रवेश गर्न वर्षौंदेखि मुम्बईमा संघर्षरत अभिनेत्री अदिती बुढाथोकीको लागि त माल्दिभ्स पानी पँधेरो नै भैसकेको छ । उनी अक्सर 'रिफ्रेस' हुन माल्दिभ्स पुगेकी हुन्छिन् । र, त्यहाँको समुन्द्री किनारमा उनी आफूलाई नयाँ अवतारमा प्रस्तुत गर्छिन् ।

गत वर्ष फिल्म 'बाबरी' प्रदर्शनपछि मुम्बई उडेकी उनले केही हिन्दी म्यूजिक भिडियो र एक बेव सिरिजमा काम गरेपछि 'रिफ्रेस' हुन पुन: माल्दिभ्स पुगेकी छन् । त्यहाँको समुन्द्री किनारमा उनी बोल्ड अवतारमा देखिएकी छन् । उनले इन्स्टाग्राममा विकिनीमा खिचेका केही तस्विरहरु सेअर गरेकी छन् । नेपाली फिल्ममा भने उनी सोझी र साधारण युवतीको रुपमा प्रस्तुत हुँदै आएकी छन् ।

फिल्म 'कृ'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी उनले त्यसको करिब ५ वर्षपछि आफ्नै होम प्रोडक्सनमा बनेको फिल्म 'बाबरी'बाट कमब्याक गरेकी थिइन् । तर, उनले दुवै फिल्मबाट सफलता पाउन सकिनन् । न त अभिनयकै प्रशंसा भयो । जसले गर्दा उनी नेपाली मेकरहरुको रोजाईमा पर्न सकेकी छैनन् । अब उनले 'बाबरी २'मा काम गर्न सक्ने चर्चा छ । तर, निर्माण भने अन्योल छ ।

उनले हालै मात्र हिन्दी बेव सिरिज 'म्यूजिक'मा काम गरेकी छन् । विश्वकै प्रतिष्ठित ओटीटी प्लेटफर्म अमेजन प्राइममा रिलिज हुने भनिएको वेब सिरिजलाई नेपाली मुलका छायाँकार विनोद प्रधानले खिचेका हुन् । यो सिरिजले बलिउड फिल्ममा प्रवेशको ढोका खुलाउनेमा अदिती विश्वस्त छिन् । उनले एक दर्जन बढी हिन्दी र पञ्जाबी गीतको म्यूजिक भिडियोमा भने काम गरिसकेकी छन् ।

# ३ वटै अन्तर्राष्ट्रिय विमानस्थललाई ट्रान्जिट गन्तव्य बनाइने, कानुनी र पूर्वाधार सुधार गर्न सुझाव



काठमाडौं /नेपालका अन्तर्राष्ट्रिय विमानस्थलहरुलाई ट्रान्जिट गन्तव्य बनाइने भएको छ । यसका लागि विद्यमान कानुनी व्यवस्था र पूर्वाधारमा सुधार गर्नुपर्ने सुझाव सरकारी अध्ययन समितिले दिएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विमानस्थल सञ्चालन प्रमुखको संयोजकत्वमा गठित समितिले शुक्रबार आफ्नो प्रतिवेदन विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीलाई बुझाएको छ ।

समितिका संयोजक टेकनाथ सिटौलाका अनुसार त्रिभुवन विमानस्थललाई ट्रान्जिट सुविधा सहितको पूर्ण विमानस्थलका रुपमा विकास गर्न सकिनेबारे सरोकारवालाले गर्नुपर्ने काम प्रतिवेदनमा समेटिएको छ । यसले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थको उपयोगमा टेवा पुग्ने समेत उनले बताए ।

'काठमाडौंलाई अहिले पनि वार्षिक हजारौं यात्रुले ट्रान्जिट विमानस्थलका रुपमा उपयोग गरिराख्नु भएको छ,' उनी भन्छन्, 'तर यो पूर्ण सुविधा सम्पन्न विमानस्थल बन्न सकेको छैन, त्यसका लागि सरोकारवालाले के गर्न सक्छन् भन्नेबारे हामीले सुझाव दिएका छौं ।'

सन् २०२३ को पहिलो ५ महिनाको अवधिमा काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थललाई ट्रान्जिट बनाएर यात्रा गर्ने यात्रुको संख्या ७ हजार ३२५ जना रहेको छ । यो संख्या जनवरीमा मात्र २ हजार १३६ र मार्चमा ३ हजार २६३ जना रहेको विमानस्थलको तथ्यांक छ ।

अहिले भुटानबाट काठमाडौंलाई ट्रान्जिट बनाएर नयाँ दिल्लीमा नियमित उडान भइरहेको छ । अर्कोतर्फ नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सले समेत ठूलो संख्यामा ट्रान्जिट यात्रु बोकिरहेको संयोजक सिटौलाले जानकारी दिए । 'संसारभर ट्रान्जिट गन्तव्यले राम्रो विजनेश पाउने गरेका छन् । सोहीकारण नेपालका अन्तर्राष्ट्रिय विमानस्थलमा समेत कानुनी र पूर्वाधारको झन्झट समाधान गरी ट्रान्जिट गन्तव्य विमानस्थल बनाउन सकिने अध्ययनको निष्कर्ष छ ।

भन्सार, अध्यागमन र सुरक्षा निकायबीच समन्वयको खाँचो

विमानस्थलमा दर्जनौं निकायले एक साथ काम गरिरहेका हुन्छन् । सोहीकारण विमानस्थललाई ट्रान्जिट गन्तव्य बनाउन कानुनी प्रावधान, कार्यविधि, पूर्वाधार, उपकरण, प्रस्थान कक्षको पुनर्संरचना, सुरक्षा व्यवस्था, अन्तर निकाय समन्वयको खाँचो रहेको अध्ययनको निष्कर्ष छ ।

संयोजक सिटौला भन्छन्, 'ट्रान्जिटमा बस्ने यात्रुले अध्यागमन र भन्सार पार गर्नु पर्दैन, तर कुनै उडान रद्द भएर २४ घण्टा भन्दा बढी समय रोकिनु पर्ने अवस्था आयो भने उनीहरुलाई होटेलमा राख्नु पर्ने हुन्छ, त्यो बेला के गर्ने भन्ने बारे कानूनी रुपमै बोल्नु पर्छ ।'

यस्ता प्रावधानलाई आआफ्नो विभागीय मन्त्रालय वा सम्बन्धित निकायबाट निर्णय गराएर कार्यान्वयनमा लैजानु पर्ने सुझाव समेत अध्ययनले दिएको उनले जानकारी दिए । अर्कोतर्फ नेपालले एक दर्जन मुलुकका नागरिकलाई अनअराइभल भिसा दिँदैन । उनीहरुको हकमा ट्रान्जिट यात्रा के हुने जस्ता कानुनी विषय समेत सल्टाउनु पर्ने देखिएको उनले बताए ।

**ट्रान्जिट विमानस्थलको फाइदा के ?**

ट्रान्जिट विमानस्थल बनाउँदा एयरलाइन्सले धेरै विजनेश पाउँछन् । यात्रु विमानस्थलमा केही बेर रोकिँदा हुने किनमेलले आन्तरिक अर्थतन्त्रलाई समेत टेवा पुग्छ । अर्कोतर्फ ट्रान्जिट हव भएका गन्तव्यमा होटेल विजनेश समेत राम्रो फस्टाउने गरेको छ । यसले विमानस्थलहरुमा समेत व्यापारिक र आर्थिक गतिविधि बढ्ने त्रिभुवन विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले बताएका छन् । उनले भनेका छन्, 'प्रतिवेदनमा उल्लेख विषयमा थप छलफल गरी यसलाई निर्णयको प्रक्रियामा अगाडि बढाइने छ ।'

# नेपाली फिल्मले विदेशीसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनुपर्छ : मन्त्री शर्मा

काठमाडौं/सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले नेपाली फिल्मलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्नसक्ने बताएकी छन् । भुवन चैत्य बसुन्धरा फाउण्डेसनले आइतबार राजधानीमा आयोजना गरेको पुरस्कार प्रदान समारोहलाई सम्बोधन गर्दै मन्त्री शर्माले नेपाली फिल्मले विदेशीसँग प्रतिस्पर्धा गर्न सक्ने बताइन् ।

यसका लागि सरकारको नीतिगत सहयोग हुने र निर्माताले पनि गुणस्तरमा ध्यान दिनुपर्ने बताइन् । डिजिटल युगमा विभिन्न देशका अभ्यासबाट सिकेर गुणस्तरीय फिल्म बनाउनेतर्फ ध्यान दिन पनि मन्त्री शर्माले आग्रह गरिन् ।

चलचित्र क्षेत्रको विकास र यसमा जीवन अर्पण गर्ने स्रष्टाको सम्मानमा सरकार प्रतिबद्ध रहेको उनले बताइन् । हिजो पर्दाबाट सुरु भएको नेपाली फिल्म क्षेत्र आज डिजिटल युगमा प्रवेश गरे पनि नियम कानून पुरानै रहेकाले आवश्यक परिमार्जनको काम थालिएको पनि उनले जनाइन् ।

चलचित्र विकास बोर्डले तयार पारेको फिल्म ऐन परिमार्जनको मस्यौदा मन्त्रालयमा छलफल गरेर चाँडै मन्त्रिपरिषद्मा लैजाने प्रतिबद्धता उनले व्यक्त गरिन् ।

नेपाली चलचित्र क्षेत्रमा अभिनेत्रीहरु बसुन्धरा भुषाल, चैत्यदेवी र भुवन चन्दले दिएको योगदानको मन्त्री शर्माले प्रशंसा गरिन् । उनले भनिन्, 'आज पनि छोरीलाई हरेक काममा छोरासरह जिम्मेवारी दिन आनाकानी गर्ने नेपाली समाजमा त्यतिबेला छोरीले चलचित्र क्षेत्रमा प्रवेश गर्दा कति कठिनाई खेप्नुपऱ्यो होला, आजको पुस्ताले कल्पना मात्र गर्न सक्छ । उहाँहरुले थालेको अभियान समाज रुपान्तरणमा ठूलो विद्रोह थियो, यसको नेपाली समाजले युगयुगसम्म मूल्यांकन गरिरहने छ ।'

कार्यक्रममा मन्त्री शर्माले भुवन चैत्य बसुन्धरा फाउण्डेशन पुरस्कार २०७९ र २०८० बाट विभिन्न कलाकर्मीलाई प्रदान गरेकी थिइन् ।

हरिश भुवन चन्द पुरस्कारबाट गीतकार यावद खरेल र नीर शाह, चैत्यदेवी सिंह पुरस्कारबाट संगीतकर्मी गणेश रसिक र अभिनेता शिव श्रेष्ठ, चेतनारायण बसुन्धरा भुसाल पुरस्कारबाट अभिनेत्री मिथिला शर्मा र शर्मिला मल्ललाई सम्मान प्रदान गरियो ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# हेटौंडा-१५ मा व्यावसायीक स्याउ खेती गर्दै छतकुली

सरला खनाल

हेटौंडा, २१ साउन/ सामान्यतया जाडो वा वर्षमा एकपटक हिमपात हुने स्थानमा मात्र स्याउ फलेको सुन्ने/देख्ने मानिसलाई हेटौंडामा पनि स्याउ फल्छ भन्दा पत्यार नलाग्न सक्छ । तर, हेटौंडामा पनि व्यावसायिक रुपमा स्याउखेती सफल भएको छ ।

३ वर्षअघि सुरु गरिएको स्याउखेतीले उत्पादन सुरु गरेको हो । सुरुमा परीक्षणको लागि लगाइएको स्याउले फल दिन थालेपछि थप स्याउ खेती गरिएको हो । हेटौंडामा स्याउखेती हुन्छ कि हुदैन ? भन्ने दुविधा हुँदाहुँदै पनि परीक्षण गरिएको हो । स्याउखेती प्राय: हिमाली भेगमा मात्र गरिने भएपनि पछिल्लो समयमा हिमपात नहुने भेगमा पनि स्याउ खेतीले सफलता पाएको छ । हेटौंडामा स्याउखेती परीक्षण सफल भएको छ ।

मकवानपुर बहुमुखी क्याम्पसमा प्राध्यापन गर्दै आएका श्याम छतकुलीले हेटौंडा-१५ स्थित सानोसुकौलीमा स्याउखेतीको सफल परीक्षण गरेका हुन् । कुनैपनि उचाई वा दूरी पत्तालगाउने प्रोटेक्टर फर्मुला पत्ता लगाएर बिगतमा चर्चा बटुलेका छतकुलीले स्याउखेतीको सफल परीक्षण गरेका हुन् । सुरुमा एक बोट लगाएर परीक्षण गरिएको स्याउले एक वर्षमा नै उत्पादन दिन थालेको छतकुलीले जानकारी दिए ।

त्यसपछि भारतको राजस्थानबाट प्रतिगोटा ८ सय ५० रुपैयाँका दरले एक सय ५४ वटा विरुवा ल्याएर स्याउ खेती गरेको उनले बताए । एचआरएम प्रजातिको विरुवा परीक्षणको लागि लगाइएको थियो । सुरु गरेको एकवर्षमै उत्पादन दिन थालेको



छतकुलीले बताए । स्याउ खेती ३ वर्षसम्म परीक्षण कालमै रहेकोले उत्पादन भएका स्याउ भने बजारमा नपठाएको उनले बताए ।

११ कठ्ठा जमिनमध्ये स्याउखेती ८ कठ्ठामा रहेको छतकुलीले बताए । करिब ३ करोड लगानीमा व्यवसाय सुरु गरेको उनले पछिल्लो समय आफैंले स्याउको विरुवा उत्पादन गरेर विक्रीवितवरण गरिरहेका छन् । यतिवेला उनले नेपालका थुप्रै ठाउँमा स्याउको विरुवा वितवरण गरि सकेका छन् । बुटवलमा मात्रै ४० हजार स्याउको विरुवा बिक्री गरेर पठाइएको छतकुलीका छोरा ईश्वर छतकुलीले जानकारी दिए ।

अन्य जिल्लामा पनि स्याउको विरुवा माग भइरहेको उनले वताए । हेटौंडामा पनि भीमफेदी गाउपालिका सुपिङमा, गढी गाउँपालिकामा परीक्षणका लागि विरुवा सशुल्क पाठाएको उनले बताएका छन् । पछिल्लो समय छतकुली आफैंले ब्यावसायिक फार्म दर्ता गरेर विभिन्न किसिमका फलफूल (अंगुर, सुन्तला, कुरीलो कागती) पनि परीक्षण गरिरहेका छन् । बोटविरुवालाई मल चाहिने भएपछि उनले भैसी र गाई पालेका छन् । छतकुलीका बाबुछोरा भएर श्यामा वाटिका एकीकृत कृषि तथा पशुपंक्षी फार्म दर्ता गरी संचालन गरिरहेका छन् ।

उनको फार्महाउसमा रहेका वोटविरुमा अहिलेसम्म कुनै कीटनाशक औषधि र रासायनिक मल प्रयोग नगरिएको दाबी गर्दै मलको लागि गड्यौला, गाईभैंसीको मल, जैविकमल मात्र प्रयोग गरिएको बताए । छतकुलीको फार्ममा गड्यौला मल पनि उत्पादन गरिएको छ । पछिल्लो समय स्याउ फल्न थालेपछि उनको व्यावसायिक पाटो नै बदलिएको छ । सुरुमा परीक्षणको लागि लगाएको विरुवाले उत्पादन दिन थालेपछि छतकुली उत्साहित भएका छन् ।

छतकुलीका बाबुछोरा मिलेर संचालन गरेको फार्ममा होम स्टे पनि सुरुवात गरिएको छ । होम स्टेमा आउने पाहुनाको स्वागत गर्न सकेसम्म फार्ममा उत्पादन भएको अर्गानिक खाद्यबस्तु उपलब्ध गराउने गरिएको उनीहरु बताउँछन् । फार्मलाई बहुउपयोगी रुपमा संचालन गर्ने लक्ष्य रहेको उनीहरुले बताएका छन् ।

पूर्वपश्चिम राजमार्ग रातोमाटेबाट करिब १ किलोमिटर दूरीमा पर्ने सानोसुकौलीमा स्याउखेती राम्रो भएको हेटौंडा-१५ का वडाअध्यक्ष सुनिल मोक्तानले बताए । अहिलेका युवापुस्ता सबै जना विदेशिने सपना बुनिरहेका हुन्छन् । न उनीहरुसँग सीप राम्रो हुन्छ न कुनै काममा अब्बल हुन्छन् तर, पनि विदेशिने रहर हुँदैगर्दा हाम्रै टोलछिमेकमा एउटा शिक्षितवर्गले कृषिमा होमिएर कृषिक्रान्ति गर्नु जिल्लामै उदाहरणीय भएको अध्यक्ष मोक्तानले साझाकुरालाइ बताए ।

अहिले छतकुलीको स्याउखेती गरिएको बगैंचाको अवलोकन गर्नेहरु दिनदिनै बढ्दै गएको छ । बिगतका दिनमा सानोसुकौलीमा खानेपानीको समस्या थियो । सुख्खा मौसममा स्थानीयबासी खानेपानीका लागि बाराको ३ नं पुलसम्म गाग्री बोकेर जाने गरेका थिए । तर, त्यही सुख्खा भनिएको सानोसुकौलीमा रसिलो स्याउ फलेपछि स्थानीय पनि खशीले उत्साहित भएका छन् ।

# बागमतीमा आफ्नै गाडीले ट्रायल दिन किन पाईदैन ?

साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ सवारीचालक अनुमतिपत्र (लाइसेन्स)को ट्रायल आफ्नै सवारी लगेर दिन मिल्छ । तर, सबै प्रदेश सरकार र त्यस मातहतका कार्यालयले यो व्यवस्था लागु गरेका छैनन् ।

धेरै सवारी लाइसेन्सको लिखित र प्रयोगात्मक हुने बागमती प्रदेशमा भने आफ्नै सवारीसाधनबाट ट्रायल दिन पाईदैन । जसकारण परीक्षार्थीहरु सरकारीले व्यवस्था गरेको सवारीसाधनबाट ट्रायल दिँदा धेरै फेल हुने भएको र अनाहकमा दु:ख व्यहोर्नु परेको गुनासो सुनिएको छ । हेटौंडास्थित यातायात व्यवस्था सेवा कार्यालयले निजी सवारी साधनबाट ट्रायल दिन रोक लगाएको छ । तर, सरकारले नै व्यवस्थापन गरेको मोटरसाइकल र कार लगायतका साधनको प्राविधिक समस्या रहेकोले फेल हुने दर बढिरहेको गुनासो छ ।



लाइसेन्स परीक्षा सञ्चालनसम्बन्धीको जिम्मेवारी अहिले पूर्णरुपमा प्रदेश मन्त्रालय अन्तर्गत छ । प्रदेशले गरेको व्यवस्थाअनुरुप सम्बन्धित यातायात कार्यालयले लाइसेन्सका लागि लिखित र प्रयोगात्मक (ट्रायल) परीक्षा सञ्चालन गर्छन् । यातायात व्यवस्था विभागले 'सवारीचालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७' मा कस्तो सवारी प्रयोग गर्न सकिन्छ र कसरी पास हुन्छ भन्नेबारे व्यवस्था गरेको छ ।

निर्देशिका अनुसार लिखित परीक्षा र प्रयोगात्मक परीक्षा पास गरेपछि मात्रै लाइसेन्स पाउँन सकिन्छ । लिखित परीक्षामा पास हुन १०० पूर्णांकमा ६० अंक ल्याउनुपर्छ । यस्तै, ट्रायल परीक्षामा पनि सवारी घुमाउने, ट्राफिक बत्ती, उकालो, ओरालाको नम्बर तोकेर १०० पूर्णांकको बनाइएको छ । ट्रायलमा पास हुन कुनै एक चरणमै फेल नभएको अवस्थाबाहेक ७० अंक कटाए मात्रै पनि पास भइन्छ ।

सवारीचालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ को दफा १४ को उपदफा २ मा 'परीक्षा स्थलमा कार्यालयले व्यवस्था गरेको सवारी साधन उपदफा (३) वा (४) अनुसारको हुनु पर्नेछ,' भनेर लेखिएको छ । उपदफा (३) मा 'क' वर्गको ट्रायल दिन प्रयोग गर्न सकिने मोटरसाइकल, स्कुटर वा मोपेडको मापदण्ड तोकिएको छ । पेट्रोलबाट चल्ने, इन्जिनको विस्थापन आयतन कम्तिमा ९५ सीसी भएको, ह्विल बेस कम्तीमा १,२०० मीमी भएको, मोटरसाइकलको हकमा म्यानुअल ट्रान्समिसन प्रणाली भएको, सवारी हिल होल्ड, हिल असिस्ट वा समान प्रकृतिको प्रणाली जडान नभएको, सवारी दर्ता प्रमाणपत्र अध्यावधिक भएको र बहालअवधि बाँकी रहेको तेस्रोपक्ष बीमा भएको हुनुपर्छ ।

यी सबै मापदण्ड पूरा भएको निजी मोटरसाइकल, स्कुटर वा मोपेड लगेर कुनै पनि व्यक्तिले ट्रायल दिन पाउनेपर्ने हो । तर, निर्देशिकामा कार्यालयले व्यवस्था गरेको सवारी साधन भनेर लेखिएको छ । त्यसैले पनि यातायात कार्यालयले नीति निर्देशिका भन्दा थप आफू खुसी यसको व्यवस्था गर्न सक्ने देखिन्छ । यस्तै, उपदफ (४)मा ख वर्गको ट्रायल दिन प्रयोग गर्न सकिने कार, जिप वा भ्यानका लागि मापदण्ड तोकेको छ ।

पेट्रोल, डिजेल वा ग्यासबाट चल्ने, इन्जिनको विस्थापन आयतन कम्तिमा ७५० सीसी भएको, ह्विल बेस कम्तीमा २,३०० मीमी भएको, लम्बाइ, चौडाई र उचाइ कम्तीमा क्रमश: ३,३०० मीमी, १,४५० मीमी र १,४५० मीमी भएको, म्यानुअल ट्रान्समिसन प्रणाली भएको, सवारीमा हिल होल्ड, हिल असिस्ट वा समान प्रकृतिको प्रणाली जडान नभएको, सवारी दर्ता प्रमाणपत्र अध्यावधि भएको र बहालअवधि बाँकी रहेको तेस्रोपक्ष बीमा भएको हुनुपर्ने उल्लेख छ । यी मापदण्डका सवारी निरीक्षण गरी स्वीकृति दिइनुपर्छ ।

उल्लेखित मापदण्ड भएका सवारीसाधनलाई प्राविधिकले चेकजाँच गरेर स्वीकृत गरेपछि मात्रै ट्रायल दिनका लागि परीक्षार्थीलाई दिइनुपर्ने व्यवस्था निर्देशिकामा छ । निर्देशिकाको दफा १५ मा ट्रायल दिने सवारी निरीक्षण गरी स्वीकृति दिने व्यवस्था छ । सवारीको इन्धन आपुर्ति, ब्रेक, ट्रान्समिनस प्रणाली, झ्याल, सिसा, ढोका लक, ऐना तथा बत्ती, टायर, रियरभ्यू नभएको (वा परीक्षा अवधिभर डिस्प्ले स्क्रिन नदेखिने गर्नुपर्ने) चेकजाँच गरी ट्रायल दिन स्वीकृत गर्ने व्यवस्था गरेको छ ।

यसरी निर्देशिकाले तोकेको मापदण्ड पुगेका सवारीलाई प्राविधिकले स्वीकृत गरेपछि ट्रायल दिन मिल्नुपर्ने देखिन्छ । यसैअनुसार देशभरका सातमध्ये पाँच प्रदेशले कम्तिमा मोटरसाइकल र स्कुटरको ट्रायल आफ्नै सवारीले दिन मिल्ने व्यवस्था गरेका छन् । पाँचमध्ये दुई प्रदेशमा भने आफ्नो सवारी लगेर ट्रायल दिन सकिने व्यवस्था छैन । बागमती र लुम्बिनीमा आफ्नै सवारीबाट ट्रायल दिन नमिल्ने गरिएको छ ।

बागमती प्रदेशमा निजी सवारी लगेर ट्रायल दिन पाउने व्यवस्था गर्न यसअघि छलफल भए पनि कार्यान्वयनमा आउन सकेको छैन । बागमतीको श्रम, रोजगार तथा यातायात मन्त्रालयका सूचना अधिकारी खगेन्द्र पौडेलले यसबारे पहिले कुरा उठेको बताए । 'आफ्नै सवारीसाधन लगेर ट्रायल दिन पाउनुपर्छ भनेर त्यसका लागि पहिले छलफल भएको थियो । तर, यो विषय टुंगिएको छैन', उनले भने । ट्रायल दिन जानेले सवारीमा पास गर्न सहज हुने गरी फेरबदल गरेको हुन सक्ने भएकाले यातायात कार्यालयहरुले अहिले त्यस्तो अनुमति नदिएको उनको भनाइ छ ।

तर, प्राविधिकले फेर बदल गरे नगरेको र मापदण्ड अनुरुपको भए/नभएको जाँच गरी स्वीकृत गरेपछि भने निजी सवारीले पनि ट्रायल दिन सक्ने उनी बताउँछन् । यस विषयमा मन्त्रालयले थप छलफल गरी अगाडि बढ्ने सूचना अधिकारी पौडेलको भनाइ छ । बागमतीको जस्तै लुम्बिनी प्रदेशले पनि निजी सवारी लगेर ट्रायल दिन पाउने व्यवस्था नरहेको बताएको छ । यसैगरी, सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, गण्डकी प्रदेश, मधेस प्रदेश र कोसी प्रदेशमा भने ट्रायल आफ्नै सवारीसाधनबाट दिन पाइने व्यवस्था छ ।

# सुन तस्करीको अनुसन्धान आधा बाटोबाटै प्रहरीतिर मोडियो

काठमाडौं, २१ साउन/ एक क्विन्टल सुन तस्करी प्रकरणमा २० दिनसम्म अनुसन्धान गरेको राजस्व अनुसन्धान विभागले आधा बाटोबाटै अनुसन्धान प्रक्रियालाई नेपाल प्रहरीको जिम्मा लगाएको छ ।

आइतबार विभागमा पत्रकार सम्मेलन गरी महानिर्देशक नवराज ढुंगानाले अनुसन्धानका क्रममा भेटिएका प्रमाणहरुले यो एक संगठित अपराध भएको निष्कर्षमा पुगिएको र त्यसको अनुसन्धानको जिम्मेवारी नेपाल प्रहरीलाई हस्तान्तरण गरिएको बताए ।

विभागले विशेष अप्रेशन चलाएर विमानस्थल भन्सार हाताबाट बरामद गरेको सुन कुन गुणस्तरको र कति किलो हो भन्नेसम्मको प्रतिवेदन पनि तयार हुन सकेको छैन । अनुसन्धान नै नसकिएकाले अनुसन्धान प्रतिवेदन तयार हुने कुरै भएन । प्रधानमन्त्री कार्यालय मातहतको विभाग अपुरो रिपोर्ट प्रहरीलाई बुझाएर आइतबारबाट अनुसन्धानका सबै प्रक्रियाबाट अलगिएको छ ।

संगठित अपराधलाई थप बलियो ढंगबाट अनुसन्धान गर्नुपर्ने देखिएको र यसबारे प्रधानमन्त्री तथा नेपाल प्रहरीसँग गहन छलफल गरेपछि अनुसन्धानको जिम्मा प्रहरीलाई दिने निष्कर्षमा पुगेको महानिर्देशक ढुंगानाले बताए ।

'संगठित अपराधमा अनुसन्धान गर्न सकिने बृहत्तर क्षेत्र देखिएपछि प्रहरीको नेतृत्वमा अनुसन्धान गर्ने निष्कर्षमा पुग्यौं,' महानिर्देशक ढुंगानाले भने, 'राजस्व चुहावटको 'बेस' मा रहेर अब प्रहरीको नेतृत्वमा संगठित अपराधको अनुसन्धान अघि बढ्छ ।'

## अपूर्ण र अपुष्ट प्रतिवेदन

विभागले आइतबार सरसर्ती घटना विवरण र प्राप्त प्रमाण राखेर प्रतिवेदन तयार गरेको छ । बिहीबार बेलुकी प्रधानमन्त्री



पुष्पकमल दाहाल प्रचण्डले उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसमेत राखेर अनुसन्धानको सबै जिम्मा प्रहरीलाई दिन भनेपछि विभागका अधिकारीहरु हतारहतार प्रतिवेदन तयार गर्न लागेका थिए ।

विभागबाट तयार गरिएको प्रतिवेदन सरकारी वकिल कार्यालयबाट रायसहित आएपछि आइतबार विभागले सबै अनुसन्धान प्रहरीको जिम्मा लगाएको हो ।

'सुन बरामद भएदेखि दावा पक्राउसम्मको घटनाक्रम, प्रक्राउ परेकाका बयान र अन्य संलग्न प्रमाण विभागले प्रतिवेदनमा समेटेको छ', एक अधिकारीले भने, 'प्रतिवेदन अपूर्ण र अपुष्ट अवस्थाको छ ।'

विभागले २ साउनमा बरामद गरेको सुनसहितको ब्रेक शु ४ साउनमा नेपाल राष्ट्र बैंकको टक्सार विभागमा बुझाइएको छ ।

## टोखा फ्याक्ट्रीको मुचुल्का हुन पाएन, दावाको बयान अधुरै

१३ साउनमा विभागले सुन तस्करीमा प्रयोग भएको टोखा फ्याक्ट्री पहिल्याएको थियो । सयौंका संख्यामा पानी तान्ने पम्पलगायत विद्युतीय उपकरणमा लुकाएर सुन भित्र्याइएको हुनसक्ने सो फ्याक्ट्रीमा फेला परेका सामानहरुको अवस्थाबाट पत्ता लागेको थियो ।

विभागले तस्करका ४ वटा गोदाम फेला पारेकोमा यो नै सबैभन्दा ठूलो गोदाम थियो । सुन गाल्ने, ईँटा बनाउनेलगायत मेसिन पनि त्यहाँ पत्ता लागेको थियो । गोदाममा मुचुल्का गर्न शुक्रबार गए पनि विभागले सो काम गर्न भ्याएन । सो फ्याक्ट्रीको विवरण सामान्य टिपेर थप सिल गरिएको विभागले जनाएको छ ।

तस्करीको मुख्य नाइके मानिएका दावा छिरिङलाई १४ साउनमा विभागले पक्राउ गरेको थियो । दावाको एउटा मोबाइलबाट प्राप्त विवरणमा राजनीतिक दलदेखि कर्मचारीतन्त्र र प्रहरीका उच्च अधिकारीसँग उनको उठबस रहेको देखिएको थियो ।

प्रहरीले दावाबाट दुईवटा मोबाइल फोन बरामद गरेको थियो । एउटा मोबाइलबाट प्रहरीले केही विवरण फेला पाऱ्यो तर अर्को मोबाइल फर्म्याट गरिसकेको पाइएकाले १४ साउनमै प्रहरीको विधिविज्ञान प्रयोगशालामा पठाएको थियो । 'प्रहरीबाट ८ दिनसम्म मोबाइलको रिपोर्ट आएको थिएन, बिस्तृतमा बयान समेत हुन पाएको थिएन', एक अधिकारीले भने ।

## विज्ञ भन्छन् : विभाग अलग्गिने निर्णय गलत

सुन काण्डको अनुसन्धानबाट अलग्गिने विभागको निर्णय गलत भएको वाणिज्य तथा कर कानूनका ज्ञाता वरिष्ठ अधिवक्ता डा.गान्धी पण्डित बताउँछन् ।

'राजस्व अनुसन्धान विभागले विस्तृत अनुसन्धान सकेर आफ्नो अधिकारअनुसारको मुद्दा अभियोजन गर्ने र बाँकी अनुसन्धान प्रहरीलाई दिनुपर्ने थियो', उनले भने । संगठित अपराध आफैंमा छुट्टै अपराध नभएको उनको भनाइ छ । मंगलबार विभागले गरेको निर्णय हेर्दा यो मुद्दा गिजोलिएको पण्डितको बुझाइ छ ।

'कसुर पहिले राजस्वले प्रमाणित गर्नुपर्छ । त्यो कसुरमा संगठित हो भने मात्रै प्रहरीलाई पछि जिम्मा लगाउने हो तर पूरै अनुसन्धान नै हस्तान्तरण गर्नु गलत भयो', पण्डित भन्छन्, 'यस्तो कार्यले विभागको विश्वसनीयता र कानुनी प्रक्रियामै पछि समस्या सिर्जना हुन सक्छ ।'

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सुन तस्करी प्रकरणमा 'संगठित अपराध' मा अनुसन्धान गर्न प्रहरीलाई दिन विभागलाई गत बिहीबार निर्देशन दिएका थिए ।

हङकङबाट नेपाल भित्र्याइएको सो सुन प्रकरणमा हालसम्म दुईजना चिनियाँ र एक भारतीय सहित १८ जना पक्राउ परिसकेका छन् । पक्राउ पर्नेमा ३ जना विमानस्थल भन्सारका कर्मचारी पनि छन् ।

(स्रोत: अनलाइनखबर)

# विद्युतीय कारोबार गर्ने गुगललगायत ६ विदेशी कम्पनीले तिरे कर

काठमाडौं, २१ साउन/ विद्युतीय कारोबार गर्ने ६ विदेशी कम्पनीले कर तिर्न सुरु गरेका छन् । गत आर्थिक वर्ष २०७९/८० देखि लागू गरेको विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स-डिएसटी) वापत हालसम्म त्यस्ता कम्पनीबाट करिब रु १० करोड राजस्व संकलन भएको ठूला करदाता कार्यालयले जानकारी दिएको छ । कार्यालयका अनुसार हालसम्म नेपालमा विद्युतीय सेवा सम्बन्धी कारोबार गर्ने नौ कम्पनी दर्ता भएका र छ कम्पनीले कर तिरेका छन् ।

कार्यालयका अनुसार सिंगापुरमा कार्यालय रहेका दुई कम्पनी गुगल एसिया प्यासिफिक प्राइभेट लिमिटेड र लिंकडइन सिङगापुर प्राइभेट लिमिटेड दर्ता भएर कर तिर्न थालेका छन् । आयरल्यान्डको डब्लिनमा ठेगाना राखेर दर्ता भएको गुगल आयरल्यान्ड लिमिटेडले पनि कर तिर्न थालेको छ ।

त्यस्तै, संयुक्त राज्य अमेरिकाको वेल्मिङ्टनमा प्रधान कार्यालय रहेको एनसिएस पिअर्सन इन्कर्पोरेसन लिमिटेड, अमेजन डट कम सर्भिस एलएलसी र अमेजन वेभ सर्भिस इन्कर्पोरेसन लिमिटेड नेपालको कर प्रणालीमा दर्ता भएर डिएसटी तिर्न थालेका छन् ।

ठूला करदाता कार्यालयमा दर्ता भइसके पनि तीन कम्पनीले भने कर तिर्न बाँकी रहेको पाइएको छ । वेल्मिङ्गटन, काउन्टी अफ न्यू क्यासल ठेगाना रहेको इब्स्को इन्टर नेशनल इन्कर्पोरेस, डब्लिन आयरल्यान्ड ठेगाना भएको मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेड र सिङ्गापुर ठेगाना राखिएको माइक्रोसफ्ट रिजनल सेल्स प्राइभेट लिमिटेडले कर तिर्न बाँकी छ ।

गत आवको आर्थिक ऐनले नेपालमा पहिलोपटक विद्युतीय सेवामा करको प्रावधान गरेको थियो । आर्थिक ऐनमा डिएसटीको विषय र ाखिएसँगै नेपालमा विद्युतीय सेवा दिइरहेका कम्पनी कर प्रणालीमा दर्ता हुन थालेकाले राजस्व पनि उल्लेखरुपमा संकलन भएको ठूला करदाता कार्यालयका कर अधिकृत साधुराम पुडासैनीले बताए ।

'विद्युतीय सेवाको कारोबार गर्ने विदेशी कम्पनीलाई करको दायरामा ल्याउने विषय गत आवको आर्थिक ऐनमा व्यवस्था गरेको भए पनि कम्पनीहरु दर्ता भएर काम सुरु भएको दुई-तीन महिना मात्रै भयो । यस अवधिमा कर संकलन राम्रो भएको छ', उनले भने, 'हालसम्म नौ वटा विदेशी कम्पनी दर्ता भएर कर तिर्न थालेका छन् ।'

विद्युतीय सेवा कर तिर्ने सबै कम्पनी ठूला करदाता कार्यालयमा दर्ता भइरहेका छन् । नेपालको कर प्रणालीमा हालसम्म दर्ता भएका यी नौवटा कम्पनी सूचना प्रविधि र डिजिटल सेवाका क्षेत्रमा काम गरिरहेका छन् ।

यस्ता कम्पनीलाई करको दायरामा ल्याउन सरकारले कानुन बनाएको भएपनि अझै अधिकांश कम्पनी भने कर प्रणाली बाहिर छन् । गत आर्थिक वर्षको आर्थिक ऐनले 'गैर बासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर लगाई असुल गरिनेछ' भनी व्यवस्था गरेको थियो ।

वार्षिक रू २० लाख सम्मको कारोबारमा भने यस्तो कर नलाग्ने व्यवस्था आर्थिक ऐनमा राखिएको छ । ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्ष अनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिला गर्नुपर्छ ।

# बाघको आक्रमणबाट एक जनाको ज्यान गयो



साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ खैरहनी नगरपालिकाको घोग्रेलामा बाघको आक्रमणबाट एक जनाको ज्यान गएको छ । आक्रमणबाट ज्यान गुमाएका व्यक्तिको पहिचान भने हुन सकेको छैन । कुमरोजमा प्रत्येक वर्ष बाघको आक्रमणबाट स्थानीयको ज्यान जाने गरेको छ ।

चितवनको कुमरोज मध्यवर्ती सामुदायिक वनका कोषाध्यक्ष उज्ज्वल बर्तौलाका अनुसार बाघले मान्छेलाई आक्रमण गरेर मारेको भएपनि परिचय खुलेको छैन । बाघ नियन्त्रणका लागि अहिले हात्ती सहितको टोली परिचालन गरिएको छ ।

जिपिएस जडान गरिको सो बाघलाई डार्ट गरेर नियन्त्रणमा लिने गरी टोली परिचालन गरिएको बनका कोषाध्यक्ष बर्तौलाले बताए । बाघले तीन दिनदेखि आतंक मच्चाउँदै आएको थियो । आतंक मच्चाउने बाघलाई नियन्त्रणमा लिन चितवन निकुञ्जलाई पटकपटक जानकारी गराए पनि तत्काल नियन्त्रणको प्रयास नहुँदा एकजनाले अकालमै ज्यान गुमाउनु परेको कोषाध्यक्ष बर्तौलाले बताए ।

**खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !**

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना